# दश वर्षे शिक्षा योजना

आ.व. २०८१/०८२-२०९०/०९१



मालिकार्जुन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, दार्चुला

२०८१

प्रकाशकः मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला

सर्वाधिकारः प्रकाशकमा

प्रकाशन मितिः २०८१

सम्पर्कका लागिः मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क नं. ९८५८७८४५१३, ९८५८७८४५१२

वेबसाइटः malikarjunmun.gov.np

ई-मेलः mrmdarchula@gmail.com

मालिकार्जुन गाउँपालिकाको लिखित स्वीकृति बिना यसको पुरै वा आंशिक भाग विद्युतीय माध्यमबाट वा छायाप्रति हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन गर्न पाइने छैन । गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन बमोजिम कारवाही गरिनेछ ।

मालिकार्जुन गाउँपालिका

Malikarjun Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

Office of Rural Municipal Executive

शंकरपुर, दार्चुला

सुदूरपश्चिम, नेपाल



# अध्यक्षज्यूको सन्देश

नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षाको मौलिक हक प्रत्याभूत गरेको छ । शिक्षा प्राप्त गर्न पाउनु नागरिक को मौलिक अधिकार र गुणस्तरीय शिक्षाको व्यवस्था गर्नु सरकारको दायित्व हो । समाज परिवर्तनको वाहक शक्ति शिक्षालाई समयसापेक्ष, वैज्ञानिक, व्यावसायिक, सिपयुक्त र रोजगारमूलक बनाउदै समाजवाद उन्मुख राष्ट्र निर्माणको लागि बलियो आधार तयार गर्नुपर्ने बेला भएको छ । मुलुकले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता, दिगो विकास लक्ष्य, नेपालको संविधान, चालु आवधिक योजना, संघीय सरकारको विद्यालय क्षेत्र विकास योजना आदिलाई मार्गदर्शनको रुपमा लिई मालिकार्जुन गाउँपालिकाको यो १० वर्षे शिक्षा योजना तयार पारीएको छ ।

स्थानीय तह सदस्य निर्वाचन पश्चात् आफ्नो कार्यभार सम्हाल्दा यस मालिकार्जुन गाउँपालिकामा शिक्षा योजना निर्माण नभएको अवस्था थियो । शिक्षा विकास निर्माणको अर्को महत्त्वपूर्ण विषय भएकोले १० वर्षे शिक्षा योजना निर्माणमा निरन्तरता दिन जरुरी ठानेर हामीले युनिसेफ नेपालको आर्थिक सहयोग र सामुदायिक विकास केन्द्र डोटीको प्राविधिक सहयोगमा स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन,२०७९ (परिमार्जित संस्करण, २०८१) अनुसार अध्यावधिक गरिएको यो दश वर्षे शिक्षा योजना सार्वजनिक गर्न गइरहेका छौं ।

यो दश वर्षे शिक्षा योजना केवल कागजको खोस्टो मात्र होइन, यो हाम्रो गाउँपालिकाका बालबालिकाको उज्ज्वल भविष्यको मार्गचित्र पनि हो । यो योजना हाम्रा शिक्षक, विद्यार्थी, अभिभावक र सम्पूर्ण गाउँपालिकावासीको सामूहिक प्रयास र दूरदृष्टिको परिणाम हो । यो योजना कार्यान्वयन गर्न हामी सबैको सक्रिय सहभागिता र सहयोग आवश्यक छ । म शिक्षक, विद्यार्थी, अभिभावक, समाजसेवी, बुद्धिजीवी र सम्पूर्ण गाउँपालिकाबासीलाई यस महान् कार्यमा हातेमालो गर्न हार्दिक आह्वान गर्दछु ।

यो महत्त्वपूर्ण कार्य सम्पन्न गर्न आर्थिक सहयोग गर्ने युनिसेफ नेपाल, प्राविधिक सहयोग गर्ने सामुदायिक विकास केन्द्र डोटी र शिक्षा शाखामा कार्यरत कर्मचारीहरुले देखाउनुभएको समर्पण र सहभागिताको म उच्च कदर गर्दछु ।

धन्यवाद !

हिरा सिंह धामी

अध्यक्ष

मालिकार्जुन गाउँपालिका

दार्चुला

मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल



## उपाध्यक्षज्यूको सन्देश

देश संघीयतामा गए पश्चात् दोस्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भई स्थानीय तहहरुले पूर्णता पाएको छ । आम जनताले आफ्ना पिर, मार्का, गुनासा तथा विकास निर्माण प्रतिको चासोलाई आफ्ना जनप्रतिनिधिलाई निर्धक्क सुनाउन पाएका छन् तथापि समग्र जनताको चासो गुनासो र विकास निर्माण प्रतिको जिज्ञासालाई वास्तविकतामा रुपान्तरण गर्न हामी जस्तो न्यून आन्तरिक आयस्रोत भएको गाउँ पालिकाको लागि निकै नै चुनौतिपूर्ण रहेको छ । अनुदानकै भरमा रहेको हाम्रो विकास निर्माण र शिक्षा क्षेत्रलाई थोरै भए पनि व्यावस्थित बनाउनका लागि निर्माण भएको दश वर्षे गाउँ शिक्षा योजना कोशेढुङ्गा नै हो ।

नेपालको वर्तमान संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र संवृद्धिको स्थापना गरी शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै नागरिकका लागि आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा प्राप्त गर्न पाउने मौलिक व्यवस्था गरिएको छ । यस गाउँपालिकाभित्रका शैक्षिक मुद्दा तथा चुनौतीहरुलाई अवसरमा परिणत गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउनु यस योजनाको प्रमुख प्राथमिकता हो । मालिकार्जुन गाउँपालिकालाई संवृद्ध र मलिकार्जुन बासीलाई सुखी बनाउन शिक्षा क्षेत्रमा गरेको लगानीले जनताको जीवनस्तर उकास्न अतुलनीय सहयोग पुग्नेछ । यस योजनालाई उच्च प्राथमिकता दिई यस पालिकाको शैक्षिक वातावरणलाई सन्तोषजनक बनाउने प्रयास गरिएको छ । अबको शिक्षाले व्यक्तिलाई ज्ञान मात्र नभएर सिप सिकाउन सकेमा सिपयुक्त जनशक्ति उत्पादन भई श्रम बजारमा काम पाउने रोजगारी सिर्जना हुने आयआर्जन र आम्दानीमा बढोत्तरी भई समुन्नत समाजको ढोका खुल्ने भएकोले विश्वव्यापी रुपमा चर्चामा आएका जीवनोपयोगी सिपहरु यस गाउँपालिका क्षेत्रका परम्परागत मौलिक ज्ञान, सिप, संस्कृति र सभ्यता असल पक्षहरुलाई संरक्षण र संवर्द्धन गर्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित, सुसंस्कृत र संवृद्ध पालिका बनाउने पवित्र सोच बोकेको यस योजनाले मालिकार्जुनको आमुल परिवर्तनमा निकै सहयोग पुऱ्याउनेछ ।

अन्तमा योजना निर्माणमा आर्थिक तथा प्रविधिक सहयोग गर्नुहुने युनिसेफ नेपाल सामुदायिक विकास केन्द्र डोटी र शिक्षा योजना निर्माणमा खटिनु भएका कार्यदलका सदस्यहरु, सबै पदाधिकारीहरु तथा सल्लाह र सुझाव प्रदान गर्नु हुने सबै सरोकारवाला वर्गलाई विशेष धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

कल्यान सिंह धामी
गाउँपालिका उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल



## प्रमुख प्रशासकीय अधिकृतज्यूको सन्देश

नेपालको वर्तमान संविधानको अनुसुची ८ ले आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेको तथा स्थानीय सरकार सचालन ऐन २०७४ को दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाका २३ वटा अधिकारहरु कानुनी रुपले स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा संविधान र कानुनले अङ्गीकार गरेको व्यवहारलाई आत्मसात गर्दै मालिकार्जुन गाउँपालिकाले दश वर्षे शिक्षा योजना निर्माण गरेको छ । वर्तमान समयमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै नागरिकका लागि आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क रुपमा प्राप्त गर्न पाउने मौलिक अधिकारलाई सुनिश्चित गर्न योजनाको आवश्यकता भई निर्माण गरिएको छ ।

शिक्षा योजना शिक्षा क्षेत्रलाई व्यवस्थित गर्नको लागि मालिकार्जुन गाउँपालिकाको शिक्षा क्षेत्रको विकास र प्रवर्द्धनका लागि एक महत्त्वपूर्ण दस्तावेज हो । युनिसेफ नेपालको आर्थिक सहयोग र सामुदायिक विकास केन्द्र डोटीको प्राविधिक सहयोगमा स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) अनुसार यो योजना अध्यावधिक गरिएको छ । यो दश वर्षे शिक्षा योजना सार्वजनिक गर्न पाउँदा म अत्यन्त हर्षित भएको छु । यो योजना हाम्रो गाउँपालिकाको शैक्षिक भविष्यको मार्गचित्र हो, जसले आगामी दशकमा यहाँको शिक्षा प्रणालीलाई गुणात्मक रुपान्तरण गर्ने लक्ष्य राखेको छ ।

यो योजना तयार पार्न युनिसेफ नेपाल र सामुदायिक विकास केन्द्र डोटीले पुऱ्याउनु भएको सहयोगको लागि म हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै योजना तर्जुमाको क्रममा आफ्नो अथक मिहिनेत र अमूल्य समय प्रदान गर्ने शिक्षा शाखाका कर्मचारी तथा रचनात्मक सुझाव प्रदान गर्ने यस गाउँपालिका अन्तरगतका विभिन्न विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी र अन्य सरोकारवाला सबैलाई धन्यवाद दिन चाहन्छु ।

यो योजना कागजमा मात्र सीमित नरहोस् भन्नेमा हामी सचेत छौं । यसको सफल कार्यान्वयनका लागि गाउँपालिका प्रतिबद्ध छ । हामी सबैको सक्रिय सहभागिता, समन्वय र सहकार्यबाट मात्र यो योजनाले मूर्तरूप लिन सक्नेछ । म सबैलाई यसको सफल कार्यान्वयनमा एकजुट भएर लाग्न हार्दिक आह्वान गर्दछु ।

नर बहादुर ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत
मालिकार्जुन गाउँपालिका, दार्चुला

# विषयसूची


परिच्छेद १ परिचय ........ १

१.१ वर्तमान अवस्थाः ........ २

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषणः ........ ६

परिच्छेद २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ ८

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधारहरुः ........ ८

२.२ दूरदृष्टिः ........ ९

२.३ लक्ष्यः ........ ९

२.४ उद्देश्य ........ ९

२.५ रणनीतिहरु ........ १०

२.६ कार्यनीतिहरु ........ ११

२.७ अपेक्षित उपलब्धिः ........ १२

२.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः ........ १३

परिच्छेद ३ शिक्षाका मुख्य उपक्षेत्र ........ २१

३.१ प्रारम्भिक बालविकास र शिक्षाः ........ २१

३.२ आधारभूत शिक्षा ........ २४

३.३ माध्यमिक शिक्षा ........ २८

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमः ........ ३२

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाईः ........ ३५

परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ ३८

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्याङ्कनः ........ ३८

४.२ शिक्षक व्यवस्थापन र विकासः ........ ४३

४.३ शैक्षिक समता र समावेशीकरण ........ ४७

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ५२

४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता ........ ५७

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ६१

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ६४

परिच्छेद ५ सुशासन तथा व्यवस्थापन ........ ६७

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ ६७

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध.........७०

५.३ योजना कार्यान्वयनको सयन्त्र.........७२

परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन.........७३

७.१ वर्तमान अवस्था.........७३

७.२ उद्देश्य.........७४

७.३ रणनीतिहरु.........७४

७.४ प्रमुख उपलब्धिः.........७४

७.५ प्रमुख क्रियाकलाप र लक्ष्यः.........७४

परिच्छेद ७ अनुगमन तथा मूल्याङ्कन.........७९

७. परिचय.........७९

७.१ वर्तमान अवस्था.........७९

७.२ उद्देश्य.........७९

७.३ रणनीतिहरु.........७९

७.४ उपलब्धि, मुख्य नतिजाहरु, मुख्य क्रियाकलाप तथा लक्ष्य.........८०

अनुसूचीहरुः.........८१

# परिच्छेद १ परिचय

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानअनुसार संघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रारम्भ भई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येय अनुकूलका शिक्षासम्बन्धी सबै नागरिक को आधारभूत र विशिष्ट प्रकारका मौलिक हकहरू र प्राथमिकताहरू स्थापित गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा यससम्बन्धी नियमावली, २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धी ऐन, २०७५ ले शिक्षालगायत बालबालिका हकहरूलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास (SDG) का १७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यस अन्तर्गतको चौथो लक्ष्यले "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्य (Aim) राखी यससँग सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनओटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ । युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी घोषणापत्रले शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा नेपालले पनि यसमा प्रतिबद्धता जनाएको छ । उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौं र हालको सोह्रौ योजना २०८१/८२–२०८५/८६ तयार गरी शिक्षा विकासका लागि नीतिगत प्राथमिकता निर्धारण गरेको छ । उल्लिखित सन्दर्भहरूलाई समेट्दै संघीय सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गत २०८०/८१ देखि १० बर्षे विद्यालय क्षेत्र योजना (SESP) सन् २०२२/२३–२०३१/३२ लाई कार्यान्वयनमा ल्याएको छ भने यिनै परिप्रेक्ष्यहरूमा टेक्दै यस गाउँपालिकाले संबैधानिक दायित्व, प्रावधानहरु र आफ्ना आवश्यकताहरूलाई सयम सापेक्षरूपमा पूरा गर्न आफ्नो पालिका तहमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यन्वयन गर्न आवश्यक देखिएको छ । त्यसै गरी ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भीकरणसहित आत्मसात गर्न र सिर्जनशील, सक्रिय तथा पालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकासका गरी शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि पालिकातहमा शिक्षा क्षेत्रको योजना आवश्यक देखिएको छ । मुलुकको अन्य क्षेत्रहरुमा जस्तै यस पालिकामा पनि बिगतको कोभिड र बेला बखत आइपरेका विभिन्न प्राकृतिक विपत र माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहिनताले शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्न र अबका दिनहरुमा देखा पर्न सक्ने सम्भावित प्राकृतिक प्रकोप, महामारी तथा आपत् विपतबाट उत्पन्न हुने जोखिमहरू साथै जलवायु परिवर्तनले ल्याएको जोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्नु पर्ने नितान्त जरुरी रहेको छ ।

उल्लिखित सन्दर्भले पालिकातहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक र प्रभावकारी योजनाको आवश्यकता महसुस गरी यस पालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Education

Sector Plan-ESP) आगामी सन् २०३० सम्मका लागि शिक्षा विकासको दृष्टिकोणसहित सन् २०२४–२०२८ का लागि आवश्यक स्रोतको आंकलन गरी तयार गरेको छ ।

योजनाको पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्ख्यिक स्वरूप, शासकीय स्वरूपलगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा यो योजना निर्माण प्रक्रियाहरू समेत उल्लेख गरिएको छ ।

## १.१ वर्तमान अवस्थाः

मालिकार्जुन गाउँपालिका भौगोलिक हिसाबले हिमाल, पहाड र तराइ भू-भाग सहित अधिकांश ग्रामीण क्षेत्र रहेको गाउँपालिका हो । जनसंख्या वि.सं. २०७८ सालको जनगणना अनुसार १५,६३५ रहेको छ । जनसमध्ये महिला ८,०५४ र पुरुष ७,५२१ रहेका छन् । यहाँको वार्षिक जनसंख्या वृद्धिदर ०.०३% रहेको छ । यस पालिकाबाट तराइ र दार्चुला जिल्लाको सदरमुकामतिर बसाइ सर्ने क्रम बढी रहेको छ ।

शिक्षाले नै मुलुकको सामाजिक, आर्थिक, साँस्कृतिक एवम् नैतिक रुपान्तरण गर्न मुख्य भूमिका निर्वाह गरेको हुन्छ । शिक्षा मानव विकास र समाज विकासको मुख्य आधार एवम् मौलिक अधिकारको विषय हो । मुलुकको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाको यही महत्त्वलाई बुझेर प्रायः सबै देशहरुले शिक्षालाई सर्वसुलभ, पहुँचयोग्य एवम् गुणस्तरीय बनाउनमा लागि रहेका छन् । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क शिक्षा, आधारभूत शिक्षा सुनिश्चित गरेको छ । यसरी संविधानले सुनिश्चित गरेको शिक्षा सम्बन्धी मौलिक हक आत्मसाथ गरी कार्यान्वयन गर्ने जिम्मेवारी तथा दायित्व संघ, प्रदेश र स्थानीय तहको रहेको छ ।

सीमित स्रोत साधन र असीमित आवश्यकताले गर्दा मालिकार्जुन गाउँपालिकाले शिक्षासँग सम्बन्धित सबै कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्नलाई चुनौतीको रुपमा लिएको छ । यसका लागि अन्य स्थानीय तह, प्रदेश तथा संघीय सरकार र सहयोगी संघ संस्थाहरुसँग समन्वय गरी आवश्यक सहयोग जुटाउन समेत पालिका प्रयासरत रहेको छ ।

### क. भौगोलिक अवस्थितिको विश्लेषणः

मालिकार्जुन गाउँपालिका दार्चुला जिल्लाको मध्य-पश्चिम भागमा रहेको छ । मालिकार्जुन गाउँपालिकाको पूर्वमा शैल्यशिखर नगरपालिका, पश्चिममा छिमेकी देश भारत, दक्षिणमा लेकम गाउँपालिका र उत्तरमा महाकाली नगरपालिकासँग सीमाना जोडिएको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल १००.८२ वर्ग किमी रहेको छ ।

मालिकार्जुन गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक रुपले महत्त्वपूर्ण क्षेत्र हो । मालिकार्जुन गाउँपालिका मिति २०७३ फागुन १ गते घोषणा गरिएको थियो । साबिकका भगवती, मालिकार्जुन, हुनैनाथ, डाँडाकोट, उकु र शंकरपुर गाउँ विकास समितिहरू समेटेर जम्मा ८ वडा कायम गरिएको छ । यो गाउँपालिका जिल्ला सदरमुकाम खलङ्गादेखि ३५ किलोमिटर टाढा रहेको छ भने अझै पनि महाकाली राजमार्ग बाहेक गाउँपालिकाका अन्य भागमा सर्वयाम सडक संजाल पुग्न सकेको छैन ।

## ख. जनसाङ्ख्यिक संरचनाको विश्लेषणः

राष्ट्रिय जनगणना २०७८ अनुसार यस मालिकार्जुन गाउँपालिकाको कूल जनसंख्या १५६३५ रहेको छ । जसमा महिलाको संख्या ८०५४(५१.५२%) र पुरुषको संख्या ७५८१ (४८.४८%) रहेको छ । मालिकार्जुन गाउँपालिकाको वडागत रुपमा घरधुरी र जनसंख्याको विवरण तपसिल अनुसार रहेको छ ।

तालिका नं. १ वडागत जनसंख्या विवरण

| वडा नं. | घरधुरी संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | २२२ | ६२२ | ५५४ | ११७६ |
| २ | ४०२ | ९७७ | ९१० | १८८७ |
| ३ | ४७३ | १४११ | १४६४ | २८७५ |
| ४ | ३४९ | ८१८ | ७३९ | १५५७ |
| ५ | ३७५ | ९०५ | ८४८ | १७५३ |
| ६ | ३९१ | ९५० | ८१४ | १७६४ |
| ७ | ३१७ | ७६४ | ७४६ | १५१० |
| ८ | ६४५ | १६०७ | १५०६ | ३११३ |
| **जम्मा** | **३१७४** | **८०५४** | **७५८१** | **१५६३५** |
| स्रोतः राष्ट्रिय जनगणना २०७८ | | | | |

## ग. सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषणः

### जातिगत जनसंख्या विवरण

मालिकार्जुन गाउँपालिकामा तराइ तिर बसोबास गर्नेको संख्या बढ्दै गईराखेको छ । जातिगत जनसङ्ख्यामा समग्रमा क्षेत्रीहरुको जनसङ्ख्या तुलनात्मक रुपमा बढी देखिएको छ । जातिगत जनसङ्ख्यामा ६३.३ प्रतिशत क्षेत्री, ११.४ प्रतिशत ब्राह्मण, दलित १७.७ प्रतिशत र अन्य जातिको बसोवास पनि रहेको छ । जातिगत जनसङ्ख्याको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २ जात जातिगत विवरण

| क्र.सं. | जाति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | क्षेत्री | ४८२९ | ५०५७ | ९८८६ |
| २ | ब्राह्मण | ८५६ | ९३४ | १७९० |
| ३ | मगर | १५ | ८ | २३ |
| ४ | सन्यासी | ६० | ४८ | १०८ |
| ५ | धानुक | ७ | ८ | १५ |
| ६ | विश्वकर्मा | १२५० | १३७७ | २६२७ |
| ७ | परियार | ६८ | ६४ | १३२ |
| ८ | ठकूरी | ४७७ | ५४७ | १०२४ |
| ९ | | १९ | ११ | ३० |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **७५८१** | **८०५४** | **१५६३५** |
| स्रोतः राष्ट्रिय जनगणना २०७८ | | | | |

**उमेरगत जनसंख्या विवरण**

मालिकार्जुन गाउँपालिकाको कुल जनसंख्या १५६३५ मा प्रारम्भिक बालविकासदेखि विद्यालय उमेरसमूहको (४ देखि २४) जनसंख्या ६४७१ रहेको छ । जुन कूल जनसङ्ख्याको ४१.३८ प्रतिशत देखिन्छ । यसै गरी १५ देखी ५९ बर्ष समूहको जनसंख्या ९२९९ अर्थात ५९.४७ प्रतिशत रहेको छ । यसै गरी १५ बर्षभन्दा माथिको जनसंख्या ११३६६ अर्थात ७२.६९ प्रतिशत रहेको छ । उमेरगत जनसंङ्ख्याको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३ उमेरगत जनसंख्या विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ००-०४ वर्ष | ६२७ | ५७१ | ११९८ |
| ०५-०९ वर्ष | ६९७ | ६९४ | १३९१ |
| १०-१४ वर्ष | ८५० | ८३० | १६८० |
| १५-१९ वर्ष | ८१८ | ८२८ | १६४६ |
| २०-२४ वर्ष | ६६५ | ८१९ | १४८४ |
| २५-२९ वर्ष | ५३३ | ६२० | ११५३ |
| ३०-३४ वर्ष | ४३७ | ४८९ | ९२६ |
| ३५-३९ वर्ष | ४०२ | ५११ | ९१३ |
| ४०-४४ वर्ष | ४३२ | ४७८ | ९१० |
| ४५-४९ वर्ष | ३६८ | ४३८ | ८०६ |
| ५०-५४ वर्ष | ४१२ | ४०८ | ८२० |
| ५५-५९ वर्ष | ३२१ | ३२० | ६४१ |
| ६०-६४ वर्ष | २९४ | २९९ | ५९३ |
| ६५-६९ वर्ष | २८९ | २७५ | ५६४ |
| ७०-७४ वर्ष | २०४ | २२८ | ४३२ |
| ७५-७९ वर्ष | १२७ | ११९ | २४६ |
| ८०-८४ वर्ष | ७० | ७८ | १४८ |
| ८५-८९ वर्ष | १९ | २७ | ४६ |
| ९०-९४ वर्ष | १० | १५ | २५ |
| ९५+ वर्ष | ६ | ७ | १३ |
| | **७५८१** | **८०५४** | **१५६३५** |
| स्रोत राष्ट्रिय जनगणना २०७८ | | | |

**धार्मिक विवरण**

यस मालिकार्जुन गाउँपालिकामा हिन्दु धर्मावलम्बीहरुको बाहुल्यता रहेको छ । कुल जनसङ्ख्यामा ९९.९९ प्रतिशत हिन्दु धर्मावलम्बी रहेका छन् । यहाँका सबै वडाहरुमा हिन्दु धर्मालम्बीहरुको बसोबास रहेको छ ।

**भाषिक विवरण**

यस मालिकार्जुन गाउँपालिकाभित्र बसोबास गर्ने नागरिकहरुमा स्थानीय डोटेली अर्थात दार्चुलेली भाषीहरुको संख्या बढी देखिन्छ । यस पालिकामा भाषिक विविधता रहेको छ । यहाँ स्थानीय दार्चुलेली, नेपाली र हिन्दी भाषा बोल्ने मानिसहरुको बसोबास रहेको छ ।

**घ. आर्थिक अवस्थाको विश्लेषणः**

यस मालिकार्जुन गाउँपालिकाभित्र बसोवास गर्ने जनसमुदायको आर्थिक अवस्था सामान्य रहेको छ । यहाँका केही जनसंख्या ब्यापार व्यवसायमा संलग्न भए पनि बढी संख्या कृषि पशुपालनमा संलग्न रहेको पाइन्छ । केही मानिसहरु सरकारी वित्तीय र गैर वित्तीय क्षेत्रमा संलग्न रहेका छन् ।

**सडक यातायात तथा सञ्चार**

मालिकार्जुन गाउँ पालिकाको केही वडामा महाकाली राजमार्गको मुख्य सडकले छोएको छ । सबै वडाहरुमा कच्ची सडकको विस्तार गरिएको छ । केही विद्यालयहरुमा कच्ची तथा पक्की सडकको पहुँच पुगेको छ । सञ्चार सुविधामा मोबाइल सेवाको पहुँच पालिकाको सबै वडाहरुमा पुगेको छ भने इन्टरनेट सेवा पालिकाका माध्यमिक विद्यालय र केही आधारभूत तहका विद्यालयसम्म पहुँच पुगेको छ ।

**ङ. शैक्षिक अवस्थाको विश्लेषणः**

**साक्षरताको अवस्था**

वि. सं. २०७२ साल पौष १५ गते देशको २३ औं जिल्लाका रुपमा साक्षर जिल्ला घोषणा भएको भए तापनि वि. सं. २०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार यस मालिकार्जुन गाउँपालिकाको साक्षरता दर ७९.९ प्रतिशत रहेकोमा महिला साक्षरता दर ७०.८ प्रतिशत र पुरुष साक्षरता दर ८९.७ प्रतिशत रहेको छ ।

**तहगत रुपमा विद्यालय तथा विद्यार्थी विवरण**

तालिका नं. ४ विद्यालय तथा विद्यार्थी विवरण

| क्र. सं. | संचालित कक्षा | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | विद्यालय संख्या | विद्यार्थी संख्या | विद्यालय संख्या | विद्यार्थी संख्या | |
| १ | बालविकास कक्षा | ३९ | ४२० | | | |
| २ | कक्षा १-३ | १४ | ७४४ | | | |
| ३ | कक्षा ४-५ | १० | ६१८ | १ | ७३ | संस्थागत १ दखि ५ |
| ४ | कक्षा ६-८ | ३ | ८१८ | | | |
| ५ | कक्षा ९-१० | ६ | ५६७ | | | |
| ६ | कक्षा ११-१२ | ५ | २६३ | | | |
| | **जम्मा** | **३८** | **३४३०** | **१** | | |

**स्रोतः IEMIS २०८१**

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषणः

मालिकार्जुन गाउँपालिकामा संघीयता आएदेखि शिक्षा क्षेत्रको विकास तीव्ररुपमा हुदैछ । वि.सं. २०२८ सालदेखि नयाँ शिक्षा ऐन लागू भएपछि पढ्ने पढाउने काममा तीव्रता आएको देखिन्छ । यस मालिकार्जुन गाउँपालिकामा हाल ३८ वटा सामुदायिक विद्यालय र १ वटा संस्थागत विद्यालयहरु गरी जम्मा ३९ वटा विद्यालयहरु रहेका छन् । यस पालिकाका विकट ग्रामीण क्षेत्रका विद्यालयहरुमा विद्यार्थीहरुको चाप घट्दै गइरहेको छ ।

**क) सबल पक्षहरु**

- यहाँका बालबालिकाहरुले घरको नजिकैको विद्यालयमा पठन पाठन गर्न पाएका छन् ।
- स्थानीय तहले विद्यार्थी अनुपात अनुसार शिक्षक दरबन्दी मिलान गर्न सफल भएको छ ।

**ख) समस्याहरु**

- विद्यालयमा शिक्षाको गुणस्तर कमजोर हुनु ।
- गुणस्तरीय शिक्षाको खोजीमा जिल्ला सदरमुकाम तथा जिल्ला बाहिर बसाइ सर्नु ।
- विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था फरक फरक हुनु ।
- विद्यालयहरुको निरन्तर अनुगमन गर्न नसक्नु ।
- शिक्षक विद्यार्थी उपस्थिति अनियमित हुनु ।
- शैक्षणिक योजना अनुरुप बनाई शिक्षण सिकाइ क्रियाकलाप अगाडि नबढ्नु ।
- बालमैत्री विद्यालयमा सूचक अधिकतम प्रयोगमा नआउनु ।
- बालमैत्रीपूर्ण  बसाई तथा सामग्रीमा आधारित शिक्षण सिकाई क्रियाकलापमा कमी देखिनु ।
- सूचना प्रविधिमैत्री शिक्षण सिकाईको अभाव ।
- प्रकोप प्रतिरोधी, बाल तथा अपांगता मैत्री भौतिक संरचनाको (खानेपानी, शौचालय, भवन, बसाइ व्यवस्थापन) अभाव ।
- विद्यार्थीको अनुपातमा दक्ष तथा विषयगत र तालिम प्राप्त शिक्षकको अभाव ।
- विद्यालय सुधार योजनाको आधारमा अनुदान दिने प्रणालीलाई स्थापित गर्न नसक्नु ।
- स्थानीय स्तरमा प्राविधिक विद्यालय भएतापनि जिल्ला बाहिर पढ्न पठाउनु ।
- प्राविधिक शिक्षालय भएपनि सो अनुरुपको गुणस्तर कायम गर्न नसक्नु ।
- विद्यालयमा आधारित जोखिम न्यूनीकरण योजना नहुनु ।
- अभिभावकहरु आफ्ना बालबालिकाको शैक्षिक स्तर र अवस्थाका बारेमा अनविज्ञ रहनु ।
- शिक्षक, अभिभावक र विद्यार्थी बीच बालबालिकाको शिक्षण सिकाई सुधारका लागि निरन्तर अन्तरक्रियात्मक कार्यक्रमहरु नहुनु ।
- सामुदायिक शिक्षामा अभिभावकको लगानीमा कमी ।
- आर्थिक कमजोरीका कारणले विद्यालयमा विपन्न वर्गका वालवालिका नियमित नहुनु  ।
- सामुदायिक विद्यालयप्रति अभिभावक र विद्यार्थीहरुको आकर्षणमा कमि ।
- व्यवहारिक र नैतिक कक्षाहरूको अभाव ।

**ग. अवसरहरुः**

- तीन तहको सरकारहरुबीच समन्वय र सहकार्यका क्षेत्रहरु पहिचान भएको,

- विद्यालयमा क्रमशः खुल्ला प्रतिस्पर्धाबाट दक्ष र युवा जनशक्तिको बढ्दो प्रवेश,
- स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरु स्थानीय तहमा प्रदान गरिएको,
- तीनवटै सरकार तथा अन्य संघसस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण विकास भएको,
- शिक्षाक्षेत्रका लागि आवश्यक संवैधानिक तथा कानुनी आधारहरू स्पष्ट भएको,
- शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढ्दै गएको,
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन भईरहेको,
- वैकल्पिक सिकाइ सहजीकरणका उपायहरुको खोजी तथा अवलम्बनको सुरुवात भएको,
- गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह बढ्दै गएको,
- सडक, विद्युतको विस्तार सँगै विद्यालयहरुमा सहज पहूँचको अवस्था रहेको,
- यो पालिका महाकाली लोकमार्गमा भएका कारण अरु पालिकाहरुको अन्तरपालिका समन्वय तथा सहकार्यको सम्भावना रहेको,
- विद्यार्थीहरूको खुद भर्नादरमा वृद्धि भएको,
- लैङ्गिक समता सूचकाङ्क सकारात्मक हुदै गएको,
- खुल्ला प्रतिस्पर्धाबाट प्रधानाध्यापक नियुक्तको प्रकियाको अभ्यासको थालनी सँगै कार्य सम्पादनमा आधारित करारको व्यवस्था सुरु भएको,

**घ) चुनौती**

- विद्यालय शिक्षक दरबन्दी व्यवस्थापन गर्न,
- निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्न,
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणाली सुधार गर्न,
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न,
- गुणस्तरीय शिक्षाको अवसर सूनिश्चित गर्न,
- विद्यालय नक्साङ्कन सहित विद्यालय स्थापना र समायोजन गर्न,
- विपत व्यवस्थापन तथा वैकल्पिक सिकाई सहजीकरण गर्न,
- जीवन पर्यन्त सिकाईका अवसरहरु सूनिश्चित गर्न,
- उपयुक्त भौतिक पूर्वाधार निर्माण गर्न,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पहुँचमा सुधार गर्नु,
- सामुदायिक विद्यालयमा अभिभावकरूको आकर्षण बढाउन,
- शिक्षकहरूलाई पेसागत सहयोग प्रणालीको विकास गर्न,
- शिक्षकलाई व्यावहारिक ज्ञानसहित व्यावसायिक बनाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउन,
- पर्याप्त र सान्दर्भिक शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको व्यवस्था मिलाउन,
- अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच वृद्धि गर्न,
- सामुदायिक विद्यालयमा अपनत्व वृद्धी गर्न,
- शिक्षाको साझा अधिकार कार्यान्वयन गर्न,

# परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधारहरुः

**योजना निर्माणका आधारहरु**

देहायका प्रमुख आधारहरु लिई यस मालिकार्जुन गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माण गरेको छ:

- नेपालको संविधान, २०७२
- सोह्रौं आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सङ्घ, प्रदेश र स्थानीय तह ऐन, २०७७
- निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन, २०७५
- विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
- विद्यालय शिक्षामा समता रणनीति
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
- स्थानीय तहको मध्यकालीन खर्च संरचना
- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
- विद्यालय सुधार योजना र अन्य सरकारी र गैर सरकारी संघसंस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि ।

यस मालिकार्जुन गाउँपालिकाको १० वर्षे शिक्षा योजना निर्माणका क्रममा देहायका प्रक्रियाहरु अपनाइएका छन् ।

**पूर्व तयारी :**

यस मालिकार्जुन गाउँपालिकाको १० वर्षे शिक्षा योजनालाई स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ परिमार्जित संस्करण २०८१ अनुसार अद्यावधिक गर्नको लागि युरोपियन युनियन र युनिसेफको आर्थिक सहयोगमा सामुदायिक विकास केन्द्र डोटीको प्राविधिक सहयोगमा गुणस्तरीय सिकाइका लागि विद्यालय शिक्षा क्षेत्र योजना तथा बजेट निर्माणमा स्थानीय सरकारको क्षमता अभिवृद्धि कार्यक्रम अन्तरगत मिति २०८१ असोज १४ गतेका दिन योजना अद्यावधिक सम्बन्धी बैठक बसी पालिका अध्यक्ष संयोजक रहने गरी १४ सदस्यीय कार्यदल गठन गरी योजना लेखन गर्ने काम अगाडि बढाइयो ।

पूर्व तयारीका क्रममा गरिएका प्रमुख क्रियाकलापहरु :

- विद्यालयहरुबाट प्राप्त गर्नु पर्ने तथ्य तथा तथ्याङ्कहरुका लागि फर्म्याट विकास गरिएको छ,
- तथ्याङ्क विभाग तथा अन्य स्रोतहरुबाट सङ्कलन गर्नु पर्ने तथ्याङ्कहरुको एकीन तथा सोका लागि फर्म्याट विकास गरिएको छ,
- फर्म्याट अनुसार सम्बन्धित निकायहरुबाट तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ,

**योजना तर्जुमा :** योजना निर्माण/अद्यावधिक कार्यदलको बैठक बसी योजना निर्माणको खाका विषयमा आवश्यक छलफल गरी विभिन्न सरोकारवालाहरुबाट समेत आवश्यक राय सुझाव लिइ योजना निर्माण/अद्यावधिकको कार्यलाई अगाडि बढाउन मिति २०८१/०८/२६ र २७ गते २ दिने कार्यशाला

गोष्ठी राखी योजना अद्यावधिक गर्ने विषयमा छलफलका साथै समूह विभाजन गरी विभिन्न परिच्छेदहरुमा कार्यहरु गरियो ।

योजना निर्माण/अद्यावधिकका चरणमा गरिएका प्रमुख क्रियाकलापहरु :

- निर्माण कार्यदलबाट योजना खाका अध्ययन गरिएको छ,
- सामुदायिक विकास केन्द्र डोटीको प्राविधिक सहयोग र यस गाउँपालिकाको आयोजनामा अध्यक्ष, उपाध्यक्ष, सबै वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत, शिक्षाविद, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरु, साझेदार संस्थाका प्रतिनिधिहरु, शिक्षा शाखा र अन्य सम्बन्धित शाखाका पदाधिकारीहरु एवम् विज्ञको सहभागितामा पहिलो दुई दिने कार्यशाला मिति २०८१।०८।२६ र २७ गतेमा सञ्चालन गरिएको थियो । कार्यशालामा शिक्षा क्षेत्रका विभिन्न योजनाहरुको लक्ष्य तथा उद्देश्यहरुको प्रस्तुति समीक्षा गरी स्थानीय तहमा शिक्षा क्षेत्र विशेष गरी विद्यालय शिक्षाका देखिएका समस्या, चुनौती, अवसरहरु, प्राथमिकताका क्षेत्रहरु पहिचान गर्ने कार्य गरिएको थियो । सोही कार्यशालाबाट रणनीति, कार्यनीतिहरु पहिचान गर्ने कार्य गरिएको थियो । मिति २०८१।१२।१९ गत्ते सुझाव संकलन बैठक राखी सुझाव संकलन गरी शिक्षा योजनामा समावेश गरिएको थियो ।

**योजना स्वीकृति**

बृहत् छलफल तथा पृष्ठपोषण पश्चात् शिक्षा योजना निर्माण तथा सिफारिस समितिबाट गाउँकार्यपालिकामा पेश गरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०१/०६ गतेको निर्णयबाट शिक्षा योजना अनुमोदन गरिएको छ ।

## २.२ दूरदृष्टिः

**"सचेत, सक्षम र सिर्जनशील नागरिक उत्पादनका लागि शिक्षाः मालिकार्जुन गाउँपालिकाको अपेक्षा"**

## २.३ लक्ष्यः

**"शैक्षिक प्रणालीको स्थापना गरी प्रभावकारी र गुणस्तरीय शैक्षिक सेवा प्रवाहको माध्यमबाट, प्रविधिमैत्री, व्यावहारिक शिक्षा प्रदान गरी नैतिकवान, स्वावलम्बी, सिर्जनशील र प्रतिस्पर्धी नागरिक तयार गर्ने"**

## २.४ उद्देश्य

- विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी बनाई पूर्ण सिकाइको सुनिश्चितता गर्नु ।
- सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।
- प्राविधिक शिक्षा र व्यावसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु ।
- गाउँपालिका भित्रका सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाका अवसरहरू सुनिश्चित गर्नु ।
- विद्यालयमा सुशासन प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।

- आपतकालीन र सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।
- योजनाको अन्तसम्म गाउँपालिकाका सबै विद्यालयहरुको हरेक विषयको सिकाइ उपलब्धि ६० प्रतिशत भन्दा माथि पुऱ्याउनु ।

## २.५ रणनीतिहरु

- विद्यालय नक्साङ्कनका आधारमा शिक्षकको आवश्यकताको पहिचान तथा व्यवस्थापन गरिनेछ ।
- सरोकारवाला सबैको सहयोग र समन्वयमा शिक्षक अभिभावक तथा समग्र विद्यालयहरुको क्षमता विकास तथा शैक्षिक गुणस्तर प्रवर्द्धन गर्ने/गराउने कार्य गरिनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरिनेछ ।
- सम्पूर्ण शिक्षा प्रणालीलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने अभ्यास गरिनेछ ।
- विशेष शिक्षा आवश्यकता भएका बालबालिकाहरुका लागि विशेष कक्षा सञ्चालन गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी सामाजिक परिचालनका कार्यक्रममा सहभागी गराईने छ ।
- विद्यार्थीहरुलाई खेल, योगाभ्यास र सह- क्रियाकलाप सञ्चालनका लागि पालिकास्तरमा आधुनिक प्रविधि सहितका रङ्गशाला निर्माणमा जोड दिईने छ ।
- पालिकास्तरमा अतिरिक्त क्रियाकलापहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न बालसञ्जालहरूलाई सक्रिय गराईनेछ ।
- विद्यालयमा नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका सरोकारवालाको क्षमता अभिवृद्धि गरिनेछ ।
- कार्य सम्पादनका आधारमा प्रत्येक वर्ष उत्कृष्ट शिक्षक छनौट गरी पुरुस्कृत गरिनेछ ।
- शिक्षाको गुणस्तर सुधारका लागि समन्वय सहकार्य र सह-अस्तित्वको अवधारणा अनुरुप नीति निर्माण, स्रोत बाँडफाँड तथा लगानीका लागि संघ, प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।
- बालबालिकाको स्वास्थ्य, सरसफाइका लागि स्थानीय गैरसरकारी तथा शिक्षा सरोकारवालासँग समन्वय र सहकार्य गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम लागु गरिनेछ । साथै संघीय तथा प्रदेश सरकारको सहयोग तथा सहकार्यमा विद्यालयमा दिवाखाजाको व्यवस्था मिलाइनेछ ।
- विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी छात्रवृत्ति, शैक्षिक सामग्री उपलब्ध गराई उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिईनेछ ।
- बालबालिकाको पठन सिप अभिवृद्धि गर्न अभिभावकहरुको संलग्नतामा पालिकास्तरमा शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यार्थीहरुलाई राष्ट्र समाजप्रति उत्तरदायित्व बोध गर्नका लागि अनिवार्य रुपमा माध्यमिक तहका विद्यार्थीहरुलाई स्काउट, रेडक्रस जस्ता मानवीय कार्य र गतिविधिमा संलग्न गराईनेछ ।
- रणनीतिक योजना कार्यान्वयनको अवस्था मापन गरी आवधिक प्रतिवेदन तयार गर्न पालिका स्तरमा अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन समिति गठन गरिनेछ ।
- शिक्षाको पेशागत सहयोग र विद्यालय सुपरीवेक्षण कार्यका लागि पालिका स्तरमा विज्ञ समूह, विशेषज्ञ समूहको रोष्टर समूह गठन गरी परिचालन गरिनेछ ।

## २.६ कार्यनीतिहरु

- विद्यालयको क्षमता विकासका लागि तालिम तथा बाल विकास केन्द्र सबलीकरण कार्यक्रम मार्फत बालमैत्री वातावरण सिर्जना गरिनेछ । विद्यालय नक्साङ्कनका आधारमा आवश्यकता अनुसार विद्यालय स्थापना तथा समायोजन गरिनेछ ।
- विद्यार्थी संख्या, विद्यालयको तह तथा अध्यापन गराईने विषय समेतका आधारमा विषयगत तहगत शिक्षक दरबन्दी पूनर्वितरण तथा थप व्यवस्थापन गरिनेछ ।
- प्रारम्भिक बाल विकास केन्द्रहरुलाई थप सुदृढ गरी विद्यार्थी भर्ना तथा टिकाई राख्नका लागि जनप्रतिनिधिहरुको समेत सहभागितामा विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- विभिन्न कारणले विद्यालय बाहिर रहेका बालविकास उमेर समूहका बालबालिकाहरुका लागि समुदाय स्तरमै बालविकास सहजकर्ता शिक्षकको व्यवस्था गरिनेछ ।
- विद्यालयमा लगानीको वातावरण तयार गरी सरकारी, गैर सरकारी संघसंस्था र सरोकारवाला सबैको सहभागितामा शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता अभिवृद्धि गरी विद्यार्थीको शैक्षिक गुणस्तर विकासमा जवाफदेही बनाईनेछ ।
- पालिका भित्रका विद्यालयहरुमा गरिएका असल अभ्यासहरुको अनुभव आदान प्रदान गर्न विद्यालयहरुमा अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।
- स्थानीय उपजमा आधारित दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गरी कक्षा ८ सम्म विस्तार गरिनेछ ।
- विद्यालय तहमा अध्ययनरत विद्यार्थीका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।
- माध्यमिक विद्यालयहरुमा आधुनिक प्रविधियुक्त गणित प्रयोगशाला, विज्ञान प्रयोगशाला, ICT Lab, र पुस्तकालय व्यवस्थापन गरिनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा निशुल्क पहुँचका लागि विभिन्न अनुदान तथा छात्रवृत्ति उपलब्ध गराईनेछ ।
- आवश्यकतानुसार थप प्राविधिक विद्यालयहरु सञ्चालन गरिनेछ ।
- युवाहरुलाई लक्षित गरी विभिन्न छोटो अवधिका व्यावसायिक तथा सिपमूलक तालिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- प्रत्येक वर्ष विद्यालय शिक्षाको स्थानीय तथा राष्ट्रिय पाठ्यक्रमको प्रबोधीकरणका कार्यक्रमहरु सञ्चालन गरी पाठ्यक्रमले तोकेका शैक्षिक उद्देश्य प्राप्तिका लागि आवश्यक सहजीकरण गरिनेछ ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तकको सान्दर्भिकता वृद्धिका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्थानीय पाठ्यक्रम अनुसारका पाठ्यसामग्रीको विकास गरिनेछ ।
- स्तरीकृत परीक्षा प्रणालीको प्रयोग गरिनेछ ।
- सुधारात्मक तथा उपचारात्मक शिक्षणको व्यवस्था गरिनेछ ।
- आन्तरिक तथा निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- आवश्यकतानुसार भौतिक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गरिनेछ ।

- विद्यालयका कक्षाकोठाहरु प्रविधिमैत्री तथा बालमैत्री बनाईनेछ ।
- हरित विद्यालय कार्यक्रम अन्तर्गत प्रत्येक विद्यालयमा बालबगैंचा निर्माण गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्रहरुको सबलीकरण गरी प्रविधिमैत्री बनाईनेछ ।
- सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुको क्षमता विकास गरी साक्षर तथा साक्षरोत्तर शिक्षाका कक्षाहरु सञ्चालन गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत जिवनोपयोगी सिप विकासका तालिमहरु सञ्चालन गरिनेछ ।
- विद्यार्थी संख्या, विद्यालयको तह तथा अध्यापन गराईने विषय समेतका आधारमा विषयगत, तहगत शिक्षक दरबन्दी पूनर्वितरण तथा थप व्यवस्थापन गरिनेछ ।
- प्रत्येक वडामा कम्तीमा एक विद्यालयलाइ नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।
- शिक्षक पुनर्ताजगी तथा क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- शिक्षक सहायताका लागि विज्ञ समूह परिचालन गरिनेछ ।
- शिक्षकहरुलाइ कार्यसम्पादनका आधामा प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा कार्यरत जनशक्तिको सेवा तथा सुविधामा विस्तार गरिनेछ ।
- शिक्षक पेसागत विकास प्रणालीको स्थापना गरिनेछ ।
- शिक्षित बेरोजगार युवाहरुको रोष्टर बनाई विद्यालयको आवश्यकता अनुसार छोटो अवधिका लागि स्वयंसेवक शिक्षकका रुपमा परिचालन गर्ने।
- विद्यालयमा सरोकारवाला सबैको प्रत्यक्ष सहभागितामा विद्यालय सुधार योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- विभिन्न सम्बन्धित निकायहरुको समेत समन्वयमा पालिका तथा विद्यालय तहमा शिक्षासँग सम्बन्धित विभिन्न खण्डीकृत तथ्याङ्कहरुलाई व्यवस्थित गर्न तथ्याङ्क सङ्कलन विश्लेषण तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित तथा सुदृढ गरिनेछ ।
- स्थानीय तहको लगानी तथा विभिन्न विकास साझेदार संस्थाहरुको सहयोग समन्वयमा विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक कर्मचारी तथा स्थानीय तहका जनशक्तिका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विद्यालयस्तरमा सम्भाव्यता अध्ययन गरी लोक संस्कृतिको जगेर्ना र प्रवर्द्धन गर्न साँस्कृतिक संग्रहालय निर्माण गर्न प्रोत्साहन गरिनेछ ।
- कुलत, दुर्व्यवहार तथा बालविवाह न्यूनीकरणका लागि विद्यार्थी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयहरुमा महिला तथा लक्षित वर्गका शिक्षक कर्मचारीहरुको अनुपातमा वृद्धि गरिनेछ ।
- विद्यालयहरुमा खुल्ला प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक व्यवस्थापन गरिनेछ ।
- शिक्षा क्षेत्रको विपद् प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

## २.७ अपेक्षित उपलब्धिः

माथि उल्लेखित रणनीति कार्यनीतिको कार्यान्वयनबाट देहाय बमोजिमका उपलब्धिहरुको अपेक्षा गरिएको छः

- विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई एक्काइसौ शताब्दी सुहाउँदो प्रविधिमैत्री र रोजगारउन्मुख नागरिक उत्पादन भएको हुनेछ ।

- सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर र पहुँच सुनिश्चित भएको हुनेछ ।
- विद्यालय शिक्षामा सबै बालबालिकाहरुलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा बालबालिकाहरुको पहुँच तथा सहभागितामा वृद्धि भएको हुनेछ ।
- बालबालिकालाइ बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार भएको हुनेछ ।
- सबै नागरिकका लागि वैकल्पिक सिकाइका माध्यमबाट जीवनपर्यन्त सिकाइका अवसरहरु प्रदान गर्ने वातावरण निर्माण भएको हुनेछ ।
- विद्यालय शिक्षाका लागि आवश्यक दक्ष र तालिम प्राप्त मानव संसाधनको विकास, व्यवस्थापन तथा उपलब्धता सुनिश्चित भएको हुनेछ ।
- विभिन्न विभेद तथा विपदबाट प्रभावित बालबालिकाहरुको विद्यालय शिक्षामा सहज पहुँचसँगै शिक्षण सिकाइमा भएको क्षतिको पुनर्लाभ भएको हुनेछ ।
- विद्यालयमा खुल्ला प्रतिस्पर्धामार्फत प्रधानाध्यापकको व्यवस्थापन सहित विद्यालय शिक्षा प्रणालीमा सुशासन कायम भएको हुनेछ ।
- विद्यालयहरुमा विभेदमुक्त, भय रहित, समावेशी तथा लैङ्गिकमैत्री शिक्षण सिकाई वातावरणको विकास गरी विद्यालय शिक्षा प्रणालीमा प्रभावकारिता र सुशासन्को प्रत्याभूति भएको हुनेछ ।

## २.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८४ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | **१.प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | स्थानीय | ७०.२ | ८७.५ | ८७.९ | ८८.३ | ८८.८ | IEMIS | IEMIS |
| | | प्रदेश | ९८.९ | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | स्थानीय | ८५.४ | ८७.४ | | ८९.४ | ९१.४ | IEMIS | IEMIS |
| | | प्रदेश | ८१.३ | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | | ८५.० | ९५.५ | | |

**२. आधारभूत शिक्षा (कक्षा १-८)**

| क्र. सं. | सूचक | सूचक को तह | आधार वर्ष | २०८३ | २०८४ | २०८५ | २०८७ | सूचक को | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | २०८१ | | | | | स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ७३.५ | ७५.५ | | ७७.५ | ७९.५ | IEMIS | IEMIS |
| | | प्रदेश | ९६.० | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १०१.८ | १०३.८ | | १०५.८ | १०८.८ | IEMIS | IEMIS |
| | | प्रदेश | ११५.० | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ८७.६ | ८८.५ | | ८९.५ | ९०.४ | | |
| | | प्रदेश | ९५.७ | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | स्थानीय | ९९.९ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | १२७.३ | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५०. | | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | ९८.४६ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर* (%) | स्थानीय | १०१.५ | १०१.४ | | १०१.२ | १०१.१ | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ८२.५ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | ८८.३ | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८५.१ | ८६.१ | | ८६.४ | ८६.६ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | १०.४३ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता | स्थानीय | १.०४ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | | १.०१ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचाङ्क* | | | | | | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | स्थानीय | ९१.० | ९२.५ | | | ९३.५ | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९.० | | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | | स्थानीय | १०३.० | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ८६.४ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ८५.३९ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | ०.९ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिका को सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | २.४२ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | |
| | | गणित | स्थानीय | २.४४ | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल | नेपाली भाषा | स्थानीय | ७०.२ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | ४१.९९ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | ६५.५५ | | | | | IEMIS | IEMIS |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएका) बालबालिका को सङ्ख्या (%) | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिका को सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ६४.५ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ५२.२ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६० | | ६५ | ७० | | |
| | | विज्ञान | स्थानीय | ६२.३ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५० | | ६० | ७० | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | | ०.५ | ० | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | | ५०.० | ५०.० | | |

## ३. माध्यमिक शिक्षा (९-१२)

| क्र. सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८४ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ५९.१ | ६२.२ | | ६५.५ | ६९ | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | स्थानीय | ७१.८ | ७४.४ | | ७७.२ | ८०.१ | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | | ९९.० | | |
| ३.३ | माध्यमिक | स्थानीय | ०.९९ | | | | | IEMIS | IEMIS |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १.०० | | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | ९४.४ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | ५५.६ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | २५.५ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | २४.० | | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | ८.८२ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना | स्थानीय | विज्ञान | २ | | | | | | |
| | | | प्रा.व्या. | | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | | |
| | | | प्रा.व्या. | | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | | १५.० | | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | | ३०.० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएका विद्यार्थी सङ्ख्या(%) | | | | | | | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | |
| | | गणित | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | |

## ४. जीवन प्रयन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षाः

| क्र.सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८४ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| ४.१ | साक्षरता दर (१पाँच वर्ष भन्दा माथि) (%) | स्थानीय | ७१.६ | | | | | जनगणना २०७८ | जनगणना २०७८ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ५८.० | | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ९०.५ | ९१ | | ९५ | १०० | जनगणना २०७८ | जनगणना २०७८ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ८२.० | ८९.० | | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ९८.८ | ९९ | | ९९.५ | ९९.६ | जनगणना २०७८ | जनगणना २०७८ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ९२.० | | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१पाँच वर्ष भन्दा माथि) | स्थानीय | ०.८५ | | | | | जनगणना २०७८ | जनगणना २०७८ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | | ०.८० | | |

## ५. प्राविधिक तथा व्यासायिक शिक्षा र सिप विकास तालिम

| क्र. सं. | सूचक | सूचकको तह | आधार वर्ष | २०८३ | २०८४ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति(%) | स्थानीय | | | | | | | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | ३० | | | | | | |
| | | | छात्र | २८ | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | | |
| | | | छात्र | | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | | |
| | | | छात्र | | | | | | | |
| **६.सुशासन तथा व्यवस्थापन** | | | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ११:१ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | २२:१ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | १३:१ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | | ३०:१ | ३०:१ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १९:१ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | २४:१ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | | ३०:१ | ३०:१ | | |
| **७. शिक्षामा लगानी** | | | | | | | | | |
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ११.६५ | | | | | रातो किताब | रातो किताब |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | २८.२२ | | | | | रातो किताब | रातो किताब |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | १० | | | | | रातो किताब | रातो किताब |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | | १७ | | | |

# परिच्छेद ३ शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षाः

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको सुरुवात सन् २००४ सालमा काठमाडौंमा स्थापना भएको मन्टेश्वरी स्कूलबाट भएको पाइन्छ । यस उमेर समूहका बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि स्वास्थ्यकर्मी, बाल विकास शिक्षकहरु, अभिभावक एवम बालबालिकालाई लक्षित गरिएको नीति तथा कार्यक्रम समेतलाई प्रारम्भिक बालविकास कार्यक्रम भन्ने जनाउँदछ । मानव जीवनको सुरुवाति अवस्था प्रारम्भिक बाल्यावस्था हो ।

यस मालिकार्जुन गाउँपालिकामा सामुदायिक विद्यालयमा ३८ र संस्थागत विद्यालयमा १ वटा गरी ३९ वटा बालविकास केन्द्र रहेका छन् ।

### ३.१.१ वर्तमान अवस्थाः

मानव जीवनको आधारशीलाका रुपमा रहेकाले प्रारम्भिक बाल्यावस्था वा बाल्यकालको विकास महत्त्वपूर्ण हुन्छ । त्यसैले सरकारले आफ्ना नागरिकको सर्वाङ्गीण विकास लागि विशेष लगानी गरेको हुन्छ । नेपालको संविधानको धारा ३९ (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरन्जन तथा सर्वाङ्गीण व्यक्तित्वको हक हुनेछ भन्ने व्यवस्थाले बालबालिकाको हकलाई सुनिश्चित गरेको छ । यसै गरी ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संसोधनले बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रुपमा मान्यता दिनुले यसको आवश्यकता र औचित्य थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक तथा नैतिक एवं सिर्जनात्मक पक्षको विकासमा सघाउँदै उनीहरुलाई आधारभूत शिक्षाका लागि तयार गर्ने उद्देश्यले संचालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकाले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक रहेको कुरालाई मध्यनजर गर्दै यस योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई सर्वसुलभ, व्यवस्थित र गुणस्तरीय बनाउने गरी विभिन्न कार्यक्रमहरु समावेश गरिएको छ ।

मालिकार्जुन गाउँपालिकामा हाल ३८ वटा सामुदायिक र १ वटा संस्थागत गरी ३९ वटा विद्यालयमा आधारित बालविकास केन्द्रहरु सञ्चालनमा हरेका छन् । यी सबै बालविकास केन्द्रमध्ये सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रमा २०७ छात्र र २१३ छात्रा गरी ४२० जना तथा संस्थागत विद्यालयमा आधारित बालविकास केन्द्रमा ८ छात्र र ९ छात्रा गरी जम्मा १७ जना ३, ४ र ५ वर्ष उमेर समूहका बालबालिकाहरु अध्ययन गरीरहेका छन् । हाल सञ्चालनमा रहेका केही बालविकास केन्द्रहरु न्यूनतम मापदण्ड अनुसार नभएको हुनाले तिनीहरुको सुधारका लागि आवश्यक भौतिक पूर्वाधार निर्माणका कार्यहरु गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ३.१.२ उद्देश्य

- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
- चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास शिक्षामा पहुँच बढाउनु ।
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु ।

### ३.१.३ रणनीतिहरु

योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिने छन्

- चार वर्ष उमेरका सबै बालबालिकाहरुलाई बालविकास/पूर्वप्राथमिक कक्षामा भर्ना गराउने ।
- सहजकर्ताको स्थायित्वका लागि स्थानीय निकाय तथा अन्य संघसंस्थाबाट प्राप्त स्रोत परिचालन गरी पारीश्रमिकमा वृद्धि गर्ने साथै बालविकास केन्द्र व्यवस्थापन समितिलाई सक्रिय बनाई आयआर्जनका कार्यक्रम सुरु गरी छुट्टै बालविकास कोषको स्थापना गर्न बालविकास केन्द्रहरुलाई प्रोत्साहित गर्ने ।
- खुला शिक्षाको माध्यमबाट न्यूनतम योग्यता नपुगेका सहयोगी कार्यकर्तालाई माथिल्लो शिक्षा हासिल गर्नको लागि प्रोत्साहित गर्ने र क्षमता अभिवृद्धि गर्नको लागि तालिम तथा नमुना बालविकास केन्द्रको अवलोकन भ्रमणको व्यवस्था मिलाउने ।
- बालविकास केन्द्रमा भर्ना गर्दा जन्मदर्तालाई अनिवार्य गर्ने ।
- गाउँपालिका भित्रका सबै बालविकास केन्द्रहरुमा आवश्यक पूर्वाधारसहित बालमैत्री तथा छापामय कक्षाकोठा व्यवस्थापन गर्ने ।
- अनुगमन सूचकमा रही आन्तरिक तथा वाह्य अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन मातृ विद्यालयका प्रधानाध्यापकलाई जिम्मेबार बनाउने ।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसस्था निजीक्षेत्र र समुदायलाई जिम्मेबार बनाउने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने ।

प्रमुख नतिजाः

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त भएको हुने,
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने,
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था र विद्यालयहरूसँग सहकार्य भएको हुने ।
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमुना विकास हुने,

**मुख्य क्रियाकलाप तथा लक्ष्यः**

| क्र.स. | सूचक | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास कुल भर्ना संख्या | ४२० | ४२० | ४२४ | ४२८ | ४३२ | ४३६ |
| २. | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |

## ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.सं. | मुख्य क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | १० वर्ष | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | ५ | ५ | १० | १० | ८ | | ३८ | |
| २ | बालविकास केन्द्रको सवलीकरण | केन्द्र | ५ | ५ | १० | १० | ८ | | ३८ | |
| ३ | शिक्षक/सहयोगी कार्यकर्ताहरुको क्षमता विकास | शिक्षक | १० | १० | १० | ५ | ३ | | ३८ | |
| ४ | महिला बालबालिका तथा स्वास्थ्य शाखा र जनप्रतिनिधिको सहभागितामा बालविकास शिक्षा उमेर समूहका बालबालिकाहरुको विद्यालय भर्ना कार्यक्रम सञ्चालन | विद्यालय | ५ | ५ | १० | १० | ८ | | ३८ | |
| ५ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण | विद्यालय | ५ | १० | १० | ५ | ८ | | ३८ | |
| ६ | प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकहरुका लागि बालमैत्री सिकाइ तथा शैक्षिक सामग्री निर्माण सम्बन्धी क्षमता अभिवृद्धी तालिम | शिक्षक | ५ | ५ | १० | १० | ८ | | ३८ | |
| ७ | पाठ्यक्रम प्रबोधीकरण | विद्यालय | ५ | ५ | १० | १० | ८ | | ३८ | |
| ८ | दिवा खाजा कार्यक्रम | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | | ३८ | |
| ९ | अभिभावक शिक्षा | विद्यालय | ५ | ५ | १० | १० | ८ | | ३८ | |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकको सेवा तथा सुविधामा विस्तार | शिक्षक | ३८ | ३८ | ३८ | ३८ | ३८ | | ३८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बाल विकास केन्द्र सबलीकरण | केन्द्र | ५ | ५ | १० | १० | ८ | | ३८ | |
| १२ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी संघसंस्थाहरुको सहभागिता, संलग्नता र जिम्मेवारीमा वृद्धि | [illegible] | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १३ | बाल विकासका लागि परिवार, समुदाय, सरकारी तथा गैरसरकारी संघसंस्था र विद्यालयबीच सहकार्य र समन्वय | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १४ | पालिकामा कार्यक्षेत्र भएका विकास साझेदार निकायसँग बालविकासका क्षेत्रमा सहयोग, समन्वय, सहकार्य तथा लगानी वृद्धि गर्न प्रोत्साहन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १५ | बालबालिकाको अभिलेखीकरण | केन्द्र | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १६ | प्रत्येक वडामा कम्तीमा एक नमूना बालविकास केन्द्र निर्माण तथा सञ्चालन | केन्द्र | २ | २ | २ | २ | २ | | १० | |
| १७ | उत्कृष्ट प्रारम्भिक बाल विकास कक्षालाई प्रोत्साहन अनुदान | केन्द्र | २ | २ | २ | २ | २ | | १० | |
| १८ | बालविकास सहजकर्ता तलब भत्ता व्यवस्थापन | शिक्षक | ३८ | ३८ | ३८ | ३८ | ३८ | | ३८ | |

## ३.२ आधारभूत शिक्षा

आधारभूत शिक्षा भनेको शिक्षाको त्यो तह हो जसले विद्यार्थीको शैक्षिक, मानसिक, सामाजिक, र नैतिक विकासको आधारशिला राख्ने कार्य गर्दछ । नेपालको संविधान र शिक्षा ऐन अनुसार आधारभूत शिक्षालाई कक्षा १ देखि ८ सम्मको शिक्षा मानिन्छ । अनिवार्य र निःशुल्क गुणस्तरीय आधारभूत शिक्षामा पहुँच अभिवृद्धि गर्ने संवैधानिक व्यवस्था रकेको छ ।

### ३.२.१ वर्तमान अवस्थाः

विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत तह र कक्षा ९-१२ लाई माध्यमिक तहका रुपमा परिभाषित गरेको छ । साविकको प्राथमिक तह कक्षा १-५ र निम्न माध्यमिक तह कक्षा ६-८ लाई समायोजन गरी बनाईएको आधारभूत तह कक्षा १-८ का लागि ५ वर्ष देखि १२ वर्ष सम्मको उमेर समूह निर्धारण गरिएको छ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवन र सामाजिक समायोजन तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधारशिला खडा गर्दछ । यसले व्यक्तिलाई निरन्तर सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधान २०७२ ले प्रत्येक व्यक्तिको आधारभूत शिक्षामा सहज पहुँच हुने र यो तहको शिक्षा सबैका लागि अनिवार्य र निःशुल्क हुने व्यवस्था गरेको छ । यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ ।

मालिकार्जुन गाउँपालिकामा आधारभूत तहको शिक्षा प्रदान गर्न १-८ सम्मका कक्षा संचालित सामुदायिक विद्यालय संख्या २७ रहेको छ । विद्यालय उमेरका २१८० विद्यार्थीहरु हाल यी विद्यालयहरुमा अध्ययनरत रहेका छन् । जनसंख्याको असमान वितरण र पालिकाको सामाजिक, आर्थिक तथा भौगोलिक अवस्थाका कारण विद्यालयहरुमा विद्यार्थीहरुको वितरण पनि असमान रहेको छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण र शैक्षिक जनशक्ति तथा सेवा सुविधाको उपलब्धताको आधारमा सदरमुकाम र आसपास क्षेत्रका केही विद्यालयमा विद्यार्थीको उच्च चाप रहेको तथा ग्रामीण क्षेत्रका विद्यालयहरु रित्तिने अवस्थामा रहेका छन् । भौगोलिक कठिनाइ र छरिएर रहेको मानवीय बसोबासका कारण आधारभूत शिक्षामा पहुँचका लागि बालबालिकाहरुले दैनिक कठीन परिश्रम गर्नु परे तापनि गम्भीर खाले अपाङ्गता भएका र आर्थिक विपन्नता रहेका केही बालबालिका बाहेक अधिकांश बालबालिकाहरुको आधारभूत शिक्षामा पहुँच रहेको छ ।

### ३.२.२ उद्देश्य

यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

- आधारभूत विद्यालय उमेरका सबै बालबालिकालाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्नु ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
- आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु र सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु ।
- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

### ३.२.३ रणनीतिहरु

आधारभूत शिक्षा सम्बन्धी उद्देश्यहरु हासिल गर्न निम्नअनुसार रणनीतिहरु अवलम्बन गरिनेछ ।

- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने ।
- विद्यालयमा सरसफाइ, दिवाखाजा भण्डार तथा तयारी लगायतका कार्यक्रमहरु अनुगमन गरी उत्कृष्टलाई पुरस्कार तथा कमजोरलाई सुधार गर्न प्रेरित गर्ने ।
- विद्यालय छोड्ने, कक्षा दोहोऱ्याउने दर घटाउने तथा खूद भर्ना दर, तह पूरा गर्ने दरमा वृद्धि गर्न यस्ता बालबालिकाको अवस्था पहिचान गरी लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको मिलान तथा पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पूरा नहुन्जेल सम्मका लागि गाउँपालिकाले प्रतिस्पर्धाका आधारमा स्थानीय रातह अनुदान शिक्षक छनोट गरी परिचालन गर्ने ।
- आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयहरूमा प्रविधिमैत्री, सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी सबै बालबालिकाका लागि सिकाइमैत्री वातावरण विकास गर्ने ।
- प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्न सम्बन्धित विद्यालयका शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने ।

- शिक्षकहरुलाई शिक्षण विधि र प्रविधिमा अद्यावधिक गर्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- उत्कृष्ट नतिजाका आधारमा शिक्षकहरुलाई पुरस्कारको व्यवस्था गर्ने ।
- आवश्यकताका आधारमा आधारभूत विद्यालयहरुमा भौतिक सुविधा विस्तारका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- कक्षा १-३ सम्मका बालबालिकाको पढाइ सिपको विकास गर्ने कार्यक्रम पढाई मेला अभियानका रूपमा सञ्चालन गर्ने ।
- आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणालीको विकास गर्ने ।
- विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने,

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजाः

उपलब्धिः

अनिवार्य तथा निःशुल्क शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित भई गुणस्तरमा वृद्धि हुने।

प्रमुख नतिजाः

- सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेको हुनेछ,
- आधारभूत तहका विद्यालयहरुको न्यूनतम मापदण्ड पूरा भएको हुनेछ,
- सबै बालबालिकाको आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता भएको हुनेछ,
- शिक्षकले शिक्षण सिकाइमा बिताउने समयावधिमा सुधार भएको हुनेछ,
- आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भएको हुनेछ,
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ भएको हुनेछ,
- पौष्टिकयुक्त दिवाखाजाको प्रबन्धबाट बालबालिकाको पोषण तथा स्वास्थ्यको अवस्थामा सुधार भएको हुनेछ,
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछ,
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार भएको हुनेछ,
- जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुनेछ,
- विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ,
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग पुगेको हुनेछ,

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८६-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाहरुको संख्या | ० | ० | ० | ० | ० | ० |
| २. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यार्थीहरुको संख्या | १३६२ | १३६२ | १३७५ | १३७८ | १४०१ | १४१४ |
| ३. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको संख्या | ७६ | ७६ | १० | १० | १० | १० |

## ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः

| मुख्य क्रियाकलापहरु | | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | १० वर्ष | |
| दिवा खाजाको लागि भान्सा कोठा व्यवस्थापन | विद्यालय | ५ | ५ | १० | १० | ८ | ३८ | ३८ | |
| छात्राबासको व्यवस्था | विद्यार्थी | १० | १० | १० | १० | १० | ५० | १०० | |
| विद्यालय नक्साङ्कन, एकीकरण तथा समायोजन | विद्यालय | ५ | ५ | १० | १० | ८ | ३८ | | |
| मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| सरोकारवालाहरुको सहभागितामा सबै बालबालिकालाई विद्यालय | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| भर्ना तथा स्वागत अभियान | | | | | | | | | |
| प्रारम्भिक कक्षाका बालबालिकाहरुका लागि पठन सामग्री वितरण | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | १०० | |
| प्रारम्भिक कक्षा शिक्षण सम्बन्धी शिक्षक तालिम | शिक्षक | १० | १० | १० | १० | १० | ५० | १०० | |
| विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | विद्यालय | १ | १ | २ | १ | १ | ६ | १२ | |
| विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | २ | २ | २ | २ | २ | १० | ३८ | |
| एक वडा एक नमूना विद्यालय निर्माण | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| विद्यालय पोषण तथा दिवा खाजा प्रबन्ध | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| विपन्न बालबालिकाका लागि शैक्षिक सामग्री वितरण | विद्यार्थी | ५ | १० | १० | १० | १० | ४५ | ५० | |
| कक्षाकोठामा आधारित मूल्याङ्कन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| व्यवस्थित परीक्षा प्रणाली, सुधारात्मक र निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विव्यस र शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक शिक्षा | विद्यालय | १० | १० | ५ | ५ | ५ | ३५ | ३८ | |
| उत्कृष्ट विद्यालय अनुदान कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| निःशुल्क पाठ्यपुस्तक व्यवस्थापन | विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | | | सबै विद्यार्थी |
| सरोकारवालाहरुको सहयोगमा विद्यालयस्तरमा विद्यालय विकास कोष स्थापना गरी परिचालन गर्ने | विद्यालय | १० | १० | ५ | ५ | ५ | ३५ | ३८ | |
| शिक्षक तलब भत्ता व्यवस्थापन | संख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |

## ३.३ माध्यमिक शिक्षा

माध्यमिक शिक्षा भनेको आधाभूत शिक्षा पछिको शिक्षाको तह हो । नेपालको विद्यालय शिक्षाको संरचना मध्ये कक्षा ९ देखि १२ सम्मको चार वर्षको शिक्षालाई माध्यमिक शिक्षाको तह भन्ने कुरा ऐन कानूनमा

उल्लेख गरिएको छ । यस तहमा विद्यार्थीहरुलाई विषयगत ज्ञान, विश्लेषणात्मक सोच, समस्या सामाधान क्षमता र भविष्यका शैक्षिक वा व्यावसायिक मार्गमा अघि बढ्नका लागि आवस्यक आधार तयार गरिन्छ । नेपालको संविधान, शिक्षा ऐन र नीतिहरुले माध्यमिक शिक्षालाई गुणस्तरीय, समावेशी र व्यवहारमुखी बनाउने लक्ष्य लिइएको छ ।

### ३.३.१ वर्तमान अवस्थाः

नेपालको संविधान २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गर्दै माध्यमिक तह सम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ साथै आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश पनि गरेको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले कक्षा ९ देखि कक्षा १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाको परिभाषाभित्र समेटेको छ । माध्यमिक शिक्षालाई साधारण र प्राविधिक तथा व्यावसायिक गरी दुई धारमा छुट्याउँदै एकल पथीय पाठ्यक्रमको अवधारणालाई आत्मसात गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुची र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सिपमूलक र व्यावहारिक बनाउनु पर्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाका लागि तयारीको आधार पनि हो । यीनै कुराहरुलाई ख्याल गरेर यस योजनामा माध्यमिक तहको शिक्षालाई सिपमूलक, प्रविधियुक्त, निःशुल्क, समावेशी तथा बालमैत्री बनाउने गरी उद्देश्य तथा रणनीतिहरु निर्धारण गरिएको छ ।

मालिकार्जुन गाउँपालिकामा माध्यमिक तहको शिक्षा प्रदान गर्न कक्षा १० सम्म संचालित ६ वटा सामुदायिक विद्यालयहरु छन् भने कक्षा ९-१२ संचालित ५ वटा सामुदायिक विद्यालयहरु रहेका छन् ।

### ३.३.२ उद्देश्य

माध्यमिक शिक्षाका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
- माध्यमिक शिक्षामा खुद भर्नादर तथा टिकाउ दर बढाउनु,
- निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्नु,
- विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु,
- प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गर्नु,
- उच्च शिक्षा अध्ययनका लागि योग्य तथा स्वःपहिचान सहितको जनशक्ति उत्पादन गर्नु,

### ३.३.३ रणनीतिहरु

माध्यमिक शिक्षाका रणनीतिहरु देहाय बमोजिम रहेका छन् ।

- निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
- माध्यमिक शिक्षामा सहज पहुँच नभएका बालबालिकाहरूको पहिचान गरी आवश्यकतामा आधारित लक्षित कार्यक्रम सञ्चालन गर्ने ।
- आर्थिक समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरुका लागि आर्थिक सहयोगको व्यवस्था गर्ने ।

- विद्यार्थीको मनोबल बढाउन विद्यार्थी मनोपरामर्श कार्यक्रम सञ्चालन गर्ने ।
- सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त दरबन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरुमा विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पूरा नहुन्जेल सम्मका लागि गाउँपालिकाले योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा स्थानीय राहत अनुदानमा शिक्षक छनोट तथा परिचालन गर्ने ।
- माध्यमिक विद्यालयहरूमा शैक्षिक गुणस्तरमा आधारित अतिरिक्त कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सम्पूर्ण माध्यमिक विद्यालयमा ई-पुस्तकालय, विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्था गर्ने ।
- माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय व्यवस्थापन तथा विकासप्रति प्रधानाध्यापकलाई उत्तरदायी बनाउने ।
- प्राविधिक शिक्षामा सबैको पहुँच विस्तार गर्न विद्यालयको नक्साङ्कनका आधारमा प्राविधिक धारको कार्यक्रम सञ्चालन गर्ने ।
- निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको शैक्षिक गुणस्तर परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने र सुधार क्षेत्रमा केन्द्रित हुने ।
- विद्यालयहरुमा बालक्लव र वडा तथा पालिकास्तरीय बालसञ्जालका माध्यमबाट बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने गरी अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजाः

उपलब्धिः

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

प्रमुख नतिजाः

- सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना दर तथा टिकाउ दरमा वृद्धि भएको हुने ।
- शिक्षण सिकाइ तथा विद्यार्थी सिकाइ उपलब्धिमा लैङ्गिक, सामाजिक तथा आर्थिक लगायतका सूचकहरुमा सुधार भएको हुने ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुने ।
- सबै माध्यमिक विद्यालयहरुले आधारभूत मापदण्ड पूरा गरेको हुने ।
- विद्यार्थीको सिकाइ उपलब्धिमा अभिभावक तथा सरोकारवालाहरुको सहभागिता र जवाफदेहिता अभिवृद्धि भएको हुने ।
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाहरुले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइ सहजीकरणलाई सहयोग पुगेको हुने ।
- शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामाग्रीको उचित व्यवस्थापन, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र सिकाइ वातावरणको निर्माण भएको हुने ।

- माध्यमिक विद्यालयहरु प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी संख्या | ५६७ | ५६७ | ५७३ | ५७९ | ५८५ | ५९१ |
| २. | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी संख्या | २६३ | २६३ | २६७ | ३७१ | ३७५ | ३७९ |
| ३. | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी संख्या | २० | २५ | ३० | ४० | ५० | ६० |
| ४. | न्यूनत्तम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक तहका विद्यालयहरुको संख्या | ५ | २ | २ | १ | १ | ११ |

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| मुख्य क्रियाकलापहरु | | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | १० वर्ष | |
| विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | | ३८ | |
| मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यालयको न्यूनत्तम भौतिक पूर्वाधार विकास | विद्यालय | १ | १ | १ | १ | १ | | १० | |
| विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरवार, शौचालय) | विद्यालय | २ | २ | २ | २ | २ | | १२ | |
| शिक्षक तालिम तथा क्षमता विकास | शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | विद्यार्थी | १०० | १०० | १०० | | | | | |
| विव्यस, पिटीए लगायतका पदाधिकारीहरुको क्षमता विकास | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | | ३८ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | | ३८ | |
| सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | | ३८ | |
| अपाङ्गता तथा न्यून आय भएका बालबालिकाका लागि शैक्षिक सामग्री सहयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| सिकाइ सुदृढीकरण र पृष्ठपोषण सहितको कक्षाकोठामा आधारित मूल्याङ्कन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| अभिभावक अभिमुखीकरण तथा सहायता | अभिभावक | ५० | ५० | ५० | ५० | ५० | | ५०० | |
| प्रधानाध्यापक क्षमता विकास तालिम | प्र.अ. | ३८ | ३८ | ३८ | ३८ | ३८ | | ३८ | |
| विपदबाट परेको शैक्षिक क्षति न्यूनीकरणका लागि वैकल्पिक तथा खुला सिकाइ तथा अतिरिक्त कक्षाको प्रबन्ध गर्ने | विद्यालय | १० | १० | १० | ५ | ५ | | ३८ | आवश्यकता अनुसार |
| लक्षित बालबालिकाका लागि आवासीय प्रबन्ध | विद्यार्थी | १० | १० | १० | १० | १० | | १०० | |
| गणित प्रयोगशाला, विज्ञान प्रयोगशाला र इ लाइब्रेरी व्यवस्थापन | विद्यालय | १ | ० | ० | ० | ० | | १ | |
| विद्यालयमा प्रतिभा पहिचानका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | | ३८ | |
| कूलत, वालविवाह न्यूनीकरण सम्बन्धी विद्यार्थी सचेतना कार्यक्रम | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | | ३८ | |
| शिक्षक तलब भत्ता व्यवस्थापन | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | | ३८ | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमः

कुनै पनि देशको समग्र विकासमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसमा पनि प्राविधिक शिक्षाको अझ बढी भूमिका रहन्छ । त्यसैबाट देश विकास र समृद्धिको बाटोमा अघि बढन सक्छ । यसै कुरालाई  दृष्टिगत गरी नेपालको संविधान २०७२ को भाग ४ धारा ५१ राज्यका नीतिहरुअन्तर्गत उपधारा (ज१) मा उल्लिखित नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिअनुसार शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने भन्ने रहेकाले राष्ट्रिय आकांक्षा पूरा गर्न राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्यअन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको छ ।

त्यसका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकास र विस्तारमा जोड दिईएको देखिन्छ । सन् २०१५ मा संयुक्त राष्ट्र संघले निर्धारण गरेको दिगो विकास लक्ष्यले सन् २०३० सम्म विश्वमा प्रत्येक व्यक्तिलाई सम्मानित जीवन निर्वाहका लागि आवश्यक प्राविधिक शिक्षा प्रदान गर्ने रहको छ । यसका लागि समावेशी, समतामूलक र समन्यायिक दृष्टिबाट अवसरलाई व्यापक बनाउन जोड दिएको छ ।

### ३.४.१ वर्तमान अवस्थाः

नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यावसायिक सिप र ज्ञान सिकाउने औपचारिक प्रयास वि. सं. २००४ सालमा आधार स्कुलको स्थापना भए देखि नै शुरु भएको पाइन्छ । तथापि जयस्थिति मल्लको पालाबाटै अनौपचारिक रुपमा व्यावसायिक शिक्षाको विकास भएको इतिहासले प्रष्ट्याउँछ । वि. सं. २०१५ देखि २०२५ सम्म बहुउद्देश्यीय माध्यमिक विद्यालय र नयाँ शिक्षा योजनामा अनिवार्य व्यावसायिक माध्यमिक शिक्षा कार्यक्रम (वि. सं. २०२८-२०३७) मार्फत व्यावसायिक शिक्षालाई जोड दिईएकोमा देशमा आधारभूत तथा मध्यमस्तरका प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालय नीति २०३६ र प्राविधिक शिक्षालय योजना २०३७ का आधारमा प्राविधिक शिक्षालयहरुको स्थापना गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई संस्थागत गर्ने प्रयास गरेको छ । साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ऐन २०४५ पारीत भई देशमा प्राविधिक शिक्षाको विकास र विस्तारका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नामक स्वायत्त संस्थाको गठन गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले "प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई व्यापक विकास गरी सबै इच्छुक नागरिकहरुका लागि समावेशी एवं समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति तयार गर्ने" उद्देश्य राखी उक्त उद्देश्य प्राप्तिका लागि विभिन्न रणनीतिहरुको व्यवस्था गरी कार्यान्वयन गर्ने नीति लिएको पाइन्छ ।

विद्यालय शिक्षाका सन्दर्भमा माध्यमिक शिक्षा कक्षा ९-१२ ले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यता ज्ञान, सिप तथा दृष्टिकोण तथा व्यवहारहरु आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास गर्ने आधार पनि हो । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान प्रविधि तथा सिपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ । माध्यमिक तहमा साधारण, परम्परागत र प्राविधिक धारमा शिक्षाका कार्यक्रम सञ्चालन गरी कक्षा १२ को अन्तमा श्रम बजारको माग अनुसार आधारभूत तथा मध्यमस्तरीय जनशक्ति उत्पादन गर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले माध्यमिक तहमा प्राविधिक धारलाई विशेष जोड दिई विद्यालयमा सञ्चालन गरिने , प्राविधिक धारको शिक्षा कक्षा १० पछि प्रयोगात्मक तथा कार्य क्षेत्र अनुभव सहित तीन वर्षको अवधिको बनाई यी कार्यक्रम र प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र अन्तर्गत संचालित सम्बन्धित कार्यक्रमबीच सामन्जस्य कायम गरिने उल्लेख गरेको छ । विगतका वर्षहरुमा राज्यले साधारण शिक्षामा मात्र जोड दिँदा शैक्षिक संस्था बेरोजगार उत्पादन गर्ने कारखानाका रुपमा चित्रित भएको अवस्थामा विद्यालय तहदेखि नै प्राविधिक धारका आधारभूत ज्ञान र सिप प्रदान गर्ने समयानुकूल सकारात्मक नीति राज्यले लिएको पाइन्छ । SEE पार गरेका परीक्षार्थीका लागि विभिन्न

क्षेत्रमा स्वरोजगार बन्ने अवसर प्रदान गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT ले विविध क्षेत्रमा अध्ययन र तालिमको अवसर प्रदान गर्दै आएको छ ।

नेपाल सरकारले देशका सबै स्थानीय तहमा प्राविधिक शिक्षाको संस्थागत पहुँच पुऱ्याउने नीति लिएकोमा हालसम्म प्राविधिक माध्यमिक शिक्षा कक्षा ९-१२ पालिका मातहतका एउटा विद्यालयमा सञ्चालनमा रहेको छ ।

देशको कूल बजेटको १० प्रतिशत रकम शिक्षा क्षेत्रमा खर्च हुने परिस्थितिमा व्यावसायिक शिक्षामा बजेट व्यवस्थापनको अवस्था झन दयनीय छ भने स्थानीय तथा प्रदेश सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षाको नारा जतिसुकै लगाएतापनि उक्त कार्यक्रमका लागि प्रयाप्त बजेट विनियोजन गर्न सक्ने ल्याकत अहिले सम्म देखिएको छैन ।

### ३.४.२ उद्देश्य

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीमा गुणस्तर, समयसापेक्षता र दक्षता अभिवृद्धि गर्नु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने शिक्षालयहरुको शैक्षिक तथा भौतिक व्यवस्थापनको प्रभावकारिता र दक्षता अभिवृद्धि गर्नु ।

### ३.४.३ रणनीति

- निःशुल्क/न्यून शूल्कमा व्यावसायिक तथा प्राविधिक माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सरोकारवाला सबैको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरुको क्षमता विकास गरिनेछ ।
- प्राविधिक शिक्षाको विकासका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायकहरुलाई आपसी साझेदारी र समन्वयमा प्राथमिकता प्राप्त क्षेत्रमा कार्य गर्न प्रोत्साहन गरिनेछ ।
- प्राविधिक धारका विद्यालयमा अध्ययनरत गरिब, जेहेन्दार तथा अल्पसंख्यक विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक, पोसाक तथा छात्रवृत्ति लगायतका प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ ।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका प्रशिक्षक तथा सहजकर्ताहरुको क्षमता विकासका लागि तालिम तथा पेसागत विकासका अवसरहरुको सिर्जना गरिनेछ ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजाः

उपलब्धिहरु

- प्राविधिक तथा व्यावसायिक तालिमका अवसरहरुको व्यापक विस्तार भई सबै इच्छुक नागरिकहरुको लागि समावेशी र समतामूलक पहुँच स्थापना भएको हुने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालयहरुको आवश्यक पूर्वाधार विकास भएको हुने,
- प्राविधिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने,

प्रमुख नतिजाहरु

- माध्यमिक शिक्षाका कम्तीमा २० प्रतिशत विद्यार्थीका लागि प्राविधिक शिक्षामा पहुँच पुगेको हुनेछ ।

- प्राविधिक शिक्षा संचालित विद्यालयहरुको भौतिक तथा शैक्षिक संरचना व्यवस्थित र सुदृढ भएको हुनेछ ।
- प्राविधिक शिक्षामा सरकारी तथा नीजि क्षेत्रको सहभागितामा वृद्धि भएको हुनेछ ।
- प्राविधिक शिक्षामा सबैको समावेशी तथा समतामूलक पहुँच स्थापित भएको हुने ।
- प्राविधिक शिक्षालयमा कार्यरत जनशक्तिको क्षमता विकास भई गुणस्तरीय र प्रभावकारी शिक्षा प्रवाह भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय संख्या | १ | १ | १ | १ | १ | २ |
| २. | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी संख्या | ६० | ६० | ६० | ६० | ६० | ६० |

**३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः**

| मुख्य क्रियाकलापहरु | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | १० वर्ष | |
| माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याङ्क संकलन तथा खण्डीकृत डाटाबेस तयारी | १ | १ | १ | १ | १ | ५ | १० | |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यार्थीहरुका लागि छात्रवृत्तिका अवसर | ५ | ५ | ५ | ५ | ५ | २५ | १०० | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाईः

अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई आगामी १० वर्ष भित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइ संस्कृतिको प्रवर्धन गर्ने तर्फ लैजानुपर्ने देखिन्छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ

संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

### ३.५.१ वर्तमान अवस्थाः

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रकृयाको प्रशोधन गर्ने जीवन पर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि विभिन्न लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ ।
संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य नं. ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो संख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागि कार्यमुलक साक्षरता, आयआर्जन, समूह साझेदारी Digital Literacy लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । औपचारिक र अनौपचारिक शिक्षाका बीचमा Cross Ventilator को व्यवस्था गरी शिक्षा प्राप्तिलाई, व्यक्तिको आवश्यकता र अनुकूलतामा आधारित बनाउँदै लैजानुपर्ने देखिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु सबै प्रकारका अपांगता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ । स्थानीय सरकार सञ्चालनऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ जस्ता नीतिगत व्यवस्था गरिएको छ ।
यस मालिकार्जुन गाउँपालिकामा ३ हजार १ सय ७४ घरधुरी र १५६३५ जनसंख्या रहेको छ ।

### ३.५.२ उद्देश्य

- औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षाका बीच अन्तर्सम्बन्ध स्थापित गर्नु,
- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,
- आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु,

### ३.५.३ रणनीतिहरु

- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा निरन्तर सिकाइ/साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने,
- सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने,

- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित निरन्तर सिकाइको थलोका रूपमा विकास गर्ने,
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय,वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने,

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजाः

उपलब्धिः

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुनेछन् ।

प्रमुख नतिजाः

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन भएको हुनेछ ।
- सिकारूको आवश्यकता अनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन भएको हुनेछ ।
- सामुदायिक सिकाइ केन्द्र जीवनपर्यन्त सिकाइको केन्द्रका रूपमा विकास भएको हुनेछ ।
- अनौपचारिक तथा जीवनपर्यन्त सिकाइ सम्बन्धी तथ्याङ्क अद्यावधिक भएको हुनेछ ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान प्रमाणीकरण गरी समकक्षता प्रदान हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्षभन्दा माथि)* % | ७४.१ | ७४.१ | | | | |
| २. | भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्षभन्दा माथिका महिला)* % | ७९.७ | ७९.७ | | | | |
| ३. | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या | ४ | ४ | १ | १ | १ | १ |
| ४. | सामुदायिक पुस्तकालयको संख्या | ० | ० | १ | १ | १ | १ |

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| मुख्य क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | १० वर्ष | |
| निरक्षरहरुको तथ्याङ्क संकलन तथा खण्डीकृत डाटाबेस तयारी | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | | १ | १ | १ | १ | १ | ५ | १० | |
| सामुदायिक सिकाइ केन्द्रको | | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सुदृढीकरण | | | | | | | | | |
| घरधुरी सर्वेक्षण र साक्षरता तथ्याङ्क संकलन | वडा | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | |
| सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता अभिवृद्धि तालिम/ अनुदान | केन्द्र संख्या | १ | १ | १ | | | २ | २ | प्रत्येक वर्ष सबैलाई |
| प्रौढ शिक्षा तथा निरन्तर सिकाइ कक्षा सञ्चालन | कक्षा | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | प्रत्येक वडामा कम्तिमा एउटा कक्षा सञ्चालन |
| प्रौढ शिक्षामा सिप विकास र आयआर्जनका कार्यक्रम सञ्चालन | वडा | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | प्रत्येक वडामा कम्तिमा एउटा कक्षा |
| कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन | वडा | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | |
| सिकाइ केन्द्र मार्फत व्यावसायिक तालिम सञ्चालन | केन्द्र | १ | १ | १ | १ | १ | १ | ३ | स्वरोजगारमूलक तालिम सञ्चालन गर्ने |
| सामुदायिक सूचना केन्द्रको स्थापना र सञ्चालन | केन्द्र | १ | १ | १ | १ | १ | १ | ३ | |

# परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्याङ्कनः

निश्चित शैक्षिक उद्देश्यहरू प्राप्त गर्न सिकाइ अनुभवहरू छनौट गर्ने, संगठित गर्ने र यी उद्देश्यहरू पूरा भएको वा नभएको मूल्याङ्कन गर्ने योजनाको रुपमा पाठ्यक्रमलाई लिन सकिन्छ । आधुनिक औपचारिक शैक्षिक पद्धतिमा मुलुकको शैक्षिक दर्शन कार्यान्वयन गर्ने प्रमुख साधन पाठ्यक्रम हो । यसलाई सिकाइको मुख्य योजनाको रुपमा पनि लिइन्छ । पाठ्यक्रममा शिक्षाका उद्देश्यहरू, समाजका चाहनाहरू, विद्यार्थीका रुचि र उमेरअनुसारको स्तरयुक्त, समसामयिक, वैज्ञानिक तथा प्रभावकारी विषयवस्तुका साथै विषयवस्तुलाई प्रभावकारीपूर्ण ढंगले शिक्षण गर्न उपयुक्त शिक्षण विधि र प्रविधि, सामग्री, प्रक्रिया र मूल्याङ्कन प्रविधिसमेत निर्धारित हुन्छ राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, संघीय लोकतान्त्रिक गणतन्त्र र नेपाली वैशिष्ट्य प्रति समर्पित जनशक्ति विकासमा विद्यालय शिक्षा केन्द्रित हुनुपर्छ । दिगो विकास, मानव अधिकारको संरक्षण, बाल अधिकार, शान्ति, सामाजिक एवम् लैङ्गिक समानता, जनसाङ्ख्यिकी एवं वातावरण संरक्षणजस्ता सामाजिक रूपान्तरणका मुद्दालाई सम्बोधन गर्नु आवश्यक छ । त्यसै गरी सूचना तथा सञ्चार प्रविधिलगायतका व्यवहारकुशल, जीवनोपयोगी तथा रोजगारउन्मुख सिप विकास, उद्यमशीलताको विकास जस्ता आर्थिक रूपान्तरणमा सहयोग गर्ने पक्षलाई पनि विद्यालय शिक्षाले सम्बोधन गर्नु आवश्यक छ । शिक्षालाई सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, राजनीतिक विकासको प्रमुख माध्यमका रूपमा विकास गरी सबैका लागि गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नुपर्दछ ।

### ४.१.१ वर्तमान अवस्थाः

शिक्षा पद्धतिलाई मार्ग निर्देशन गर्ने मुख्य आधार पाठ्यक्रम हो । यसले अपेक्षित ज्ञान, सिप अभिवृत्ति हासिल गर्न गराउन विद्यार्थीलाई मद्दत गर्दछ । कुन कक्षा र कुन तहमा के सिकाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गरेको र विद्यार्थीले सिकेको वा नसिकेका कुरा सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्दछ । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षाको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकूल समायोजन हुन, सक्रिय र सुसूचित नागरिक जीवन व्यतीत गर्न, रोजगारी प्राप्त गर्न, पेसा तथा व्यवसाय

छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्दछ । यसका साथै पाठ्यक्रमले सामाजिक मूल्यमान्यता तथा व्यवहारलाई सान्दर्भीकरण सहित आत्मसात गर्न, आफ्नो पहिचानप्रति गौरव भाव राख्दै विभेदरहित, समतामूलक र समावेशी दृष्टिकोण अनुरुप व्यवहार गर्न, आफ्नो र अरुको अधिकार र कर्तव्यप्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु गरी गत शैक्षिक सत्र वि.सं. २०८० बाट विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १–१२ मा यो पाठ्यक्रम कार्यान्वयनमा रहेको छ । विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १–३ मा एकीकृत पाठ्यक्रमको अवधारणा बमोजिम अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको छ, व्यवहार कुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यावहारिक अभ्यास गराउनुपर्ने व्यवस्था छ । त्यसैगरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीयभाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ । पाठ्यक्रममा सामाजिक तथा नागरिक शिक्षा दिने, विद्यालय तह पूरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरिएको छ । विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ ।

प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, शिक्षण सिकाइ तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ । विद्यार्थी मूल्याङ्कनमा सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास सुरु गरिएको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्राप्त गरी सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारी रूपमा प्रयोग गर्ने र परीक्षालगायत मूल्याङ्कनका साधन तथा विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ । कक्षा ८, १०, ११ र १२ को अन्तमा सञ्चालन हुने सार्वजनिक परीक्षालाई थप विकेन्द्रित गर्दै व्यवस्थित, वैध र विश्वसनीय बनाउनुपर्ने छ । विद्यालयमा आधारित मूल्याङ्ककनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउनु आवश्यक भएको छ ।

विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा स्थापित गर्न नसकिनु गुणस्तर सुधारको प्रमुख समस्याको रुपमा रहिआएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन गरी कक्षोन्नति गर्ने नीति विद्यार्थीलाई कुनै पनि हालतमा अनुत्तीर्ण गर्न नहुने भन्ने बुझाइले यथार्थ धरातलमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले सार्थकता पाएको छैन । त्रैमासिक, अर्धवार्षिक र वार्षिक लिखित परीक्षा जस्ता औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षरांकन मूल्याङ्कन पद्धति अनुसार नतिजा प्रकाशन गर्ने परिपाटीको सुरुवात भई परीक्षण र मूल्याङ्कनमा सुधारको प्रयास नभएको होइन । तापनि मूल्याङ्नलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गरी सिकाइ सुधार गर्ने कार्य तथा परीक्षण लगायत मूल्याङ्कनका साधन र विधिहरुलाई प्रभावकारी बनाउने कार्यमा सुधारको खाँचो रहेको छ ।

**मालिकार्जुन गाउँपालिकाको स्थानीय पाठ्यक्रम**

स्थानीय स्रोत साधनको उपयोग गरी स्थानीय विज्ञहरुको सहकार्यमा तयार पारी स्थानीय स्तरमै कार्यान्वयन गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । सोही कुरालाई आत्मसाथ गरी मालिकार्जुन गाउँपालिकाले कक्षा १-८ मा कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रम तयार पारेको छ । स्थानीय पाठ्यक्रमले समग्र मालिकार्जुन गाउँपालिकाको संस्कृति, चालचलन, रहनसहन, भेषभुषा, जीवनशैली, जडिबुटी, भूगोल, ऐतिहासिक धार्मिक, पुरातात्त्विक सम्पदाहरुको पहिचान गरी तिनको संरक्षण र विकासमा टेवा पुऱ्याउने छ ।

स्थानीय पाठ्यक्रमको ऐतिहासिक सन्दर्भ नियाल्दा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ मा कक्षा १-३ सम्म एउटा विषय स्थानीय भाषामा पठनपाठन गर्न सकिने व्यवस्था गरिएको छ पाइन्छ भने प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र २०६५ ले प्राथमिक तह कक्षा १-५ मा स्थानीय विषय/मातृभाषा विषयलाई पाठ्भार ४ र पूर्णाङ्क १०० कायम गरिएको थियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ मा स्थानीय पाठ्यक्रमको विषय र विषयवस्तु छनौटको सम्पूर्ण जिम्मा स्थानीय तहमा नै दिने कुरा उल्लेख गरिएको छ । यसैगरी स्थानीय पाठ्यक्रम प्रारूप, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५, आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६, पन्ध्रौं योजनाको अवधारणा पत्र २०७६/०७७-२०७९/८० मा पनि स्थानीय पाठ्यक्रमको बारेमा विविध कुराहरु व्यक्त गरिएकाले तिनै सामग्रीलाई आधार बनाएर पाठ्यक्रम विकासका सम्पूर्ण सिद्धान्तको उपयोग गरी मालिकार्जुन गाउँपालिकाको स्थानीय पाठ्यक्रम तयार पारी शैक्षिक सत्र २०८० देखि आधारभूत तहका सबै कक्षामा एक साथ कार्यान्वयनमा लगिएको छ ।

### ४.१.२ उद्देश्य

- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,

### ४.१.३ रणनीतिहरु

- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने,
- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,
- शिक्षकको पेसागत सक्षमता विकास गर्ने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने,
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,
- पाठ्यक्रम, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन पद्धतिका बीच सहसम्बन्ध कायम गर्ने,
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने,

**४.१.४ प्रमुख उपलब्धि तथा नतिजाः**

उपलब्धिः

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सिर्जनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुने ।

प्रमुख नतिजाः

- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध भएको हुनेछ,
- सिकाइ क्रियाकलाप दैनिक जीवनसँग सम्बन्धित भएको हुनेछ ।
- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुनेछ ।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण भएको हुनेछ ।
- सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धति लागु हुनेछ ।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइ मूल्याङ्कन पद्धतिको विकास भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क.स. | सूचक | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | एकिकृत पाठ्यक्रम लागू गरेका विद्यालय संख्या | ३८ | ३८ | ३८ | ३८ | ४३८ | ३८ |
| २. | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग | ५ | १० | १० | १० | ३८ | ३८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्ने विद्यालय संख्या | | | | | | |
| ३. | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय संख्या | ५ | १० | १० | १० | ३८ | ३८ |
| ४. | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| ५. | जलवायु परिवर्तन तथा उत्थानशिलता सम्बन्धी सामाग्री प्रयोग गर्ने विद्यालय संख्या | | २ | २ | २ | ६ | १० |

## ४.१.४ प्रमुख क्रियाकलाप र परमाणात्मक लक्ष्य

| मुख्य क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य | फियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | १० वर्ष | |
| पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यस अनुरुप निर्मित पाठ्यक्रमको कार्यान्वयन र अनुगमन र निरीक्षण | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| कक्षागत र विषयगत शिक्षक निर्देशिका उपयोगको अनुगमन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधीकरण | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| पाठ्यक्रम तथा पाठ्यसामग्री सम्बन्धी अभिमुखीकरण तालिम | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| स्थानीय पाठ्यक्रम कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अभिभावक शिक्षाको पाठ्यक्रम विकास तथा कार्यान्वयन | | निरन्तर | | | | | | | |
| आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन, नतिजा प्रकाशन र विश्लेषण | | निरन्तर | | | | | | | |
| परीक्षण तथा मूल्याङ्कन सम्बन्धी नमुना विकास | | निरन्तर | | | | | | | |
| कक्षाकोठामा आधारित मूल्याङ्कन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| आवधिक मूल्याङ्कन | | | | | | | | | |
| स्थानीय पढाइ सामग्री तथा अन्य शैक्षणिक सामग्री निर्माण र प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| सबै बालबालिकाका लागि पाठ्यसामग्री तथा सन्दर्भ सामग्रीको उपलब्धता | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| स्थानीय पाठ्यक्रम संसोधन तथा परिमार्जन | | | | | | | | आवश्यकता अनुसार | |

## ४.२ शिक्षक व्यवस्थापन र विकासः

शैक्षिक विकासका लागि शिक्षक एक महत्वपूर्ण जनशक्ति हो । योग्य व्यक्ति शिक्षा पेशामा भित्र्याउन शिक्षण पेशालाई अन्य पेशाको तुलनामा आर्थिक र सामाजिक रुपमा आकर्षक, सम्मानित बनाईनु आवश्यक छ । शिक्षक व्यवस्थापन भित्र शिक्षकको प्राप्ति, छनौट तथा नियुक्ति, विकास, सम्भार, सरुवा बढुवा, अवकास जस्ता विविध पक्षहरु पर्दछन् । पेशाप्रति हेलचक्राइ गर्ने, कानून भन्दा विपरितका कार्य गर्ने शिक्षकलाई कारवाही गर्ने, विद्यार्थी अनुपातमा धेरै शिक्षक भएका शिक्षकलाई कम अनुपात भएका विद्यालयमा सरुवा गर्ने, योग्य शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी सुम्पिने, योग्य व्यक्तिलाई शिक्षक नियुक्ति गर्ने जस्ता कुराहरु पर्दछन् । शिक्षक पेशा प्रति उत्प्रेरित नभएसम्म न त शिक्षण सिकाइ प्रभावकारी बन्दछ न विद्यार्थीको सिकाइ उपलब्धि नै वृद्धि हुन्छ । शिक्षक विकासका लागि शिक्षा सम्बन्धी विभिन्न आयोगका प्रतिवेदनहरुले समेत सुझावहरु दिएका छन् । उक्त प्रतिवेदनहरूले शिक्षकको प्राज्ञिक योग्यता र तालिम दुबैलाई प्राथमिकता दिएका छन् ।

### ४.२.१ वर्तमान अवस्थाः

शिक्षक दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन, प्रवर्द्धन गर्नका लागि विगतमा संचालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिई विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा शिक्षक तयार पार्ने कामहरु विभिन्न विश्वविद्यालय तथा विद्यालयहरुले गरेका छन् । शिक्षक अध्यापन अनुमति पत्रको वितरण, परीक्षा सञ्चालन, शिक्षक पदपूर्तिको लागि परीक्षा सञ्चालन तथा नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । यसै गरी अस्थायी, करार तथा राहत शिक्षकको रिक्त दरबन्दीमा शिक्षक छनोट गरी नियुक्त गर्ने, शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्ने काम स्थानीय तहहरुले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने काम शिक्षा तथा मावन स्रोत विकास केन्द्रले तथा शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन शिक्षा तालिम केन्द्रहरुले गर्दै आएका छन् ।

यति हुँदाहुँदै पनि शिक्षक तयारी कार्यलाई आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । सरकारका विभिन्न निकाय र विद्यालय तथा विश्वविद्यालय बीचमा शिक्षक तयारी गर्ने क्रममा प्रभावकारी सम्बन्ध र सहकार्य हुन सकिरहेको छैन । देशमा विभिन्न तरिकाबाट नियुक्त भएका शिक्षकहरु स्थायी, अस्थायी, राहत अनुदान, स्वयंसेवक, पालिका अनुदानका शिक्षक, निजी स्रोतका शिक्षक आदि छन् । विभिन्न तरिकाबाट नियुक्त भएका शिक्षकहरुको सेवाको सर्त र सुविधाहरु पनि फरक फरक छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन पनि शिक्षक बढुवाका लागि मात्र भएको तर यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडिएको छैन ।

पेसागत रुपमा दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको सिकाइमा सुधार आउन सक्छ । यसका निम्ति शिक्षकहरुलाई पेसागत विकासका अवसरहरु उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका विभिन्न तौर तरिकाहरु छन् । शिक्षक तालिम कार्यशाला, सेमिनार, कन्फरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरुको सिकाइ सञ्जाल, अवलोकन, भ्रमण आदिबाट शिक्षकमा पेसागत विकास सम्भव छ । शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरु सञ्चालनमा आए । सरकारले विभिन्न कार्यक्रम मार्फत् शिक्षकहरुका लागि विभिन्न खालका तालिमहरु सञ्चालन गरेको छ । त्यसै गरी स्थानीय सरकारहरुले पनि विद्यालयमा आवश्यकता अनुसार शिक्षकहरुको क्षमता विकासमा सहयोग गर्नै आएको छ ।

शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको पाटोमा यस पालिकाले विभिन्न प्रयासहरु गर्दै आएको छ । यस क्रममा आ. व. २०७५/०७६ देखि प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा शिक्षक गाउँपालिका अनुदानबाट व्यवस्थाप गरेको छ । यसै गरी प्रारम्भिक बाल शिक्षालाई पूर्व विद्यालय तहमा शिशु कक्षा थपे पछि तथा कक्षा १ मा बाल कक्षाको अनुभव सहित भर्ना हुने व्यवस्था मिलाउन एवं सामुदायिक विद्यालयप्रति आकर्षण बढाउन बाल शिक्षा सहजकर्ताको लागि प्रोत्साहन कार्यको व्यवस्था गरिएको छ । यस गाउँपालिकामा ३८ वटा प्रारम्भिक बालविका केन्द्रहरु सञ्चालनमा छन् । प्रारम्भिक बाल शिक्षालाई बाल मैत्री बनाउन शिशु विकास केन्द्र सवलीकरणका कार्यहरु निरन्तररुपमा अगाडि बढिरहेको छ ।

### ४.२.२ उद्देश्य

- आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा शिक्षकहरुको क्षमता अभिवृद्धि गर्नु ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोगका लागि स्थानीय तहमा एक प्रणालीको विकास तथा कार्यान्वयन गर्नु,
- विद्यार्थी सिकाइ प्रक्रियामा सहजीकरण गर्न शिक्षकको योग्यता तथा पेसागत सक्षमताको अभिवृद्धि गर्नु,

- योग्य र सक्षम शिक्षक उपलब्ध गराउन शिक्षक दरबन्दी मिलानलाई अध्यावधिक गर्नु,

### ४.२.३ रणनीतिहरु

- शिक्षक विद्यार्थीको अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण तथा थप गर्ने,
- विज्ञान, गणित तथा अंग्रेजी जस्ता शिक्षक अभाव भएका विषयका शिक्षक आपूर्तिका लागि शिक्षक तयारीका कार्यक्रम तथा उच्च शिक्षामा विद्यार्थी छात्रवृत्ति कार्यक्रम सञ्चालनमा ल्याउने,
- विद्यालयहरुमा रिक्त हुने शिक्षक दरबन्दीलाई चाँडै पदपूर्ति गर्ने व्यवस्था मिलाइने,
- स्थानीय शिक्षक पेसागत सहयोग प्रणाली मार्फत विज्ञ शिक्षकको सहभागितामा शिक्षक पेसालाई निरन्तर सहयोग उपलब्ध गराईने,
- स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मनिटरिङको पद्धति विकास गर्ने,
- शिक्षकको उपस्थिति, नियमितिता र कार्य सम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,
- प्रधानाध्यापक तथा शिक्षकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गराईने,
- शिक्षक नियुक्ति, सरुवा, तालिम तथा पेशागत विकासमा सहभागिता गराउँदा एवम् शिक्षकले १५ दिन भन्दा लामो विदामा बस्दा विद्यार्थीको सिकाइमा कम अवरोध हुने गरी पद्धति विकास गर्ने,
- सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा स्वीकार गर्दै प्रविधि मैत्री, व्यावहारिक र नतिजामूलक बनाउने र साथै IEMIS को सुदृढीकरण गर्ने,
- विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापनका लागि आवश्यक सहयोग गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरिने ,

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजाः

उपलब्धिः

- सक्षम र स्वअभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने ।

प्रमुख नतिजाः

- पेसागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त भएको हुनेछ ।
- शिक्षण पेसा थप प्रतिस्पर्धी तथा सम्मानित भएको हुनेछ ।
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौर तरिकाहरु र कार्य सम्पादनमा सुधार भएको हुनेछ।
- शिक्षक, विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण हुने तथा शिक्षकको आपूर्ति नियमित रुपमा भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सहजकर्ताको संख्या | | | | | | |
| २. | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | | | | | | |
| ३. | माध्यमिक तह (९-१२) मा कार्यरत न्यूनत्तम योग्यता तथा तालिम प्राप्त शिक्षक(%) | | | | | | |

### ४.२.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| मुख्य क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | १० वर्ष | |
| शिक्षक नियुक्ति | | आवश्यकता अनुसार | | | | | | | |
| अपाङ्गता भएका व्यक्ति, महिला, सिमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | | ३० | ३० | ३० | ३० | ३ | | | |
| शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | | निरन्तर | | | | | | | |
| विद्यालयमा आधारित शिक्षक पेशागत सहयोग | | आवश्यकता अनुसार | | | | | | | |
| अस्थायी करार तथा नीजि स्रोतमा नियुक्त हुने शिक्षक व्यवस्थापनका लागि मापदण्ड र निर्देशिका निर्माण | संख्या | १ | - | - | - | - | | २ | |
| नव प्रवेशी स्थायी करार शिक्षकहरुलाई तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| असल अभ्यास आदान प्रदानका लागिअन्तर विद्यालय अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा | शिक्षक | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| प्रधानाध्यपक नेतृत्व विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| शिक्षक मार्फत कार्यमूलक अनुसन्धान | संख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |
| सहपाठी कक्षा अवलोकन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यालय सुपरीवेक्षण र पेसागत सहयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न नतिजा विश्लेषण | | | | | | | | | |
| शिक्षकको शैक्षिक विकासका लागि इ-संजाल बनाउने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षक सहायताका लागि विज्ञ समूह परिचालन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| शिक्षण सिकाइ समूह/घुम्ती शिक्षक बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| प्रधानाध्यापक बैठक | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० | |
| शिक्षक पेसागत विकास तालिम सञ्चालन | जना | १५ | १५ | १५ | १५ | १५ | ७५ | १५० | |
| शिक्षक पुनर्ताजगी तालिम सञ्चालन | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | |
| शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यन्वयन | संख्या | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | विद्यालय स्तर |
| कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन एवम् उपचारात्मक शिक्षक पद्धति लागु गर्ने | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| शिक्षकसँग कार्यसम्पादन करार गरी प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने। | वार्षिक | १ | १ | १ | १ | १ | ५ | १० | प्रत्येक वर्ष |
| प्रत्येक विद्यालयबाट कम्तीमा एक जना शिक्षकलाइ सूचना प्रविधिको आधारभूत सिप विकास तालिम सञ्चालन गर्ने | संख्या | १५ | १५ | १५ | १५ | १५ | ७५ | ७५ | |
| विद्यार्थीको चापका आधारमा प्रधानाध्यापकको कक्षा व्यवस्थापनका लागि सट्टा शिक्षक व्यवस्थापन | विद्यालय | २ | २ | २ | २ | २ | २ | २ | |
| आवश्यकता र उपलब्धताका आधारमा विद्यालय शिक्षाका विभिन विषयमा सहजीकरणका लागि उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरुलाइ स्वयंसेवक शिक्षकका रुपमा परिचालन | संख्या | | | | | | | | आवश्यकता अनुसार |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्थाः

नेपालको शिक्षामा बालिका तथा महिलाहरु र अपाङ्गता भएकाहरुका लागि केही विशेष प्रबन्ध स्वरुप वि.सं. २००४ सालमा छात्राहरुका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि.सं. २०२१ मा लेबोरेटरी स्कूलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ । त्यसैगरी वि.सं. २०२५ सालदेखि खगेन्द्रबहादुर बस्नेतको अगुवाईमा सुरु भएको नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरुको लागि आवसीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरुका लागि पनि आवसीय प्रवन्धको सुरुवात भएको थियो । अपाङ्गता भएको व्यक्तिको स्याहार तथा शिक्षाको प्रबन्ध सहित यो नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृह केही पछि खगेन्द्र नवजीवन केन्द्रको रुपमा स्थापित भई हाल काठमाडौंको जोरपाटीमा सञ्चालन भईरहेको छ । शिक्षा ऐन, २०२८ अनुरुप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भई अपाङ्गता भएकाहरुको

शिक्षाको लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ । बालबालिका तथा महिला शिक्षामा वि. सं. २०५० को दशकदेखि केही प्रोत्साहन मूलक कार्य प्रारम्भ भए पनि अपाङ्गता लगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले बञ्चितीकरणमा परेको बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिताको लागि वि.सं. २०५० को दशकदेखि केही योजनाबद्ध प्रयास सुरु भएको थियो । नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रुपमा लिदै आधाभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकले कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरु तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रुपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकिकृत समता र नीति २०७१ कार्यान्वयनबाट बञ्चितीकरणमा परेका बालबालिकाहरुलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरुलाई छात्रवृत्ति र प्राविधिक तथा व्यवसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालिकबालिकामा शिक्षामा पहुँच र सहभागिता बढेको तथ्यांकले देखाएको छ । तापनि पहुँचमा सुधारको लागि सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरु गर्नु पर्ने देखिएको छ ।

### ४.३.२ उद्देश्य

- लक्षित वर्गको सबै तहको शिक्षामा हुने पहुँचमा वृद्धि गर्नु ।
- विद्यालयमा कुनै पनि प्रकारका विभेद, भय, दुर्व्यवहार तथा त्रासमुक्त सिकाइ वातावरणको सुनिश्चतता गर्नु ।
- विद्यालयका सबै प्रकारका शैक्षणिक तथा शैक्षिक गतिविधिहरुमा समता तथा समावेशिताको कायम गर्नु ।

### ४.३.३ रणनीतिहरु

- स्थानीय तहमार्फत् घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ ।
- सबै तह र प्रकारका विद्यालयहरुमा लैङ्गिक तथा अपाङ्गमैत्री अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षा उपलब्ध गराईने छ ।
- जटिल भौगोलिक क्षेत्रमा बसोवास गर्ने लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिस्कारमा परेका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रम विभिन्न नमुनाहरु समेत विकास गरी पहुँच सुनिश्चित गरिने छ ।
- विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरु लक्षित महिनाबारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ ।

- आधारभूत तहमा बहु तथा मातृभाषा सिकाइको अवसर प्रदान गर्नुका साथै पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने छ त्यसै गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिनेछ ।
- आवश्यकता अनुसार लक्षित वर्गलाई पोशाक, स्टेशनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराईने छ ।
- विद्यालयमा अभिभावकको संलग्नता बढाइने छ ।
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिनेछ भने विद्यालयमा कुनै पनि प्रकारका विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गरिने छ ।
- औपचारिक विद्यालय शिक्षाबाट बञ्चितिमा परेका लक्षित समूहका बालबालिकाहरुको शिक्षामा पाउने हक सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरुलाई सहभागी गराईनेछ ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**प्रमुख नतिजाः**

शारीरिक रूपमा कमजोर र सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूको सिक्न पाउने अधिकारको पहुँच सुनिश्चित भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या | ० | ० | ० | ० | ० | ० |
| २. | आधारभूत तहमा लैंगिक समता सूचक | १.०५ | १.०५ | १.०५ | १.०५ | १.०५ | १.०५ |
| ३. | माध्यमिक तहमा लंगिक समता सुचक | ०.९९ | ०.९९ | १ | १ | १ | १ |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| मुख्य क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | १० वर्ष | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| बालबालिकाको सिकाइ आवश्यकता अनुरुपका सिकाइ सामाग्री तथा अन्य आवश्यक सामाग्री विकास तथा पेशागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुलाई समावेश | | निरन्तर | | | | | | | |
| शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसकारी संघ संस्थाबीच जवाफदेहीता सहितको कार्यगत समन्वय | | निरन्तर | | | | | | | |
| निर्देशिका अनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | | निरन्तर | | | | | | | |
| अपाङ्गमैत्री विद्यालय संख्या | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |
| बालबालिकाहरुको विविधताको अभिलेखीकरण | विद्यालय | ५ | ५ | ५ | १० | १० | ३५ | ३८ | |
| बालबालिकाहरु शिक्षाको अवसरबाट बन्चित हुनुका कारण पहिचान गरी वैयक्तिक आवश्यकता र सिकाइ शैली अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता प्रणाली तर्जुमा गरी कार्यान्वयन | विद्यालय | ५ | ५ | ५ | १० | १० | ३५ | ३८ | |
| आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा | विद्यालय | ५ | ५ | ५ | १० | १० | ३५ | ३८ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिकवातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यालयका सबै भौतिक संरचनाहरु अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यार्थीहरुमा सामाजिक साँस्कृतिक एकता भाव निर्माण गरी साँस्कृतिक संरक्षण र आदान प्रदानका लागि विद्यालयमा विद्यार्थीहरुको सहभागितामा साँस्कृतिक संग्रहालय निर्माण गर्ने | विद्यालय | ५ | ५ | ५ | १० | १० | ३५ | ३८ | |
| पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउँदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने। | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| पाठ्यक्रम, पाठ्यसामग्री, विद्यालय वातावरण तथा सिकाइ प्रकृयालाई समता र समावेशिताका दृष्टिले परीक्षण तथा सुधार गर्ने। | विद्यालय | ५ | ५ | ५ | १० | १० | ३५ | ३८ | |
| शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूबीच जवाफ देहिता सहितको कार्यगत समन्वय | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| निर्देशिका अनुसार छात्रवृत्तिका | विद्यार्थी | | | | | | | | निर्देशिकाले तोके |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | संख्या | | | | | | | | अनुसार |
| विपन्न तथा लक्षित वर्गका विद्यार्थीका लागि उनीहरुको नतिजामा आधारित विशेष छात्रवृत्ती तथा प्रोत्साहन | विद्यार्थी संख्या | ५ | ५ | ५ | १० | १० | ३५ | ३८ | |
| अति विपन्न विद्यार्थीको शैक्षिक अभिभावकत्व ग्रहणका लागि प्रोत्साहन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि अभिभावक सचेतना कार्यक्रम | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| अपाङ्गताको प्रकृतिका आधारमा बालबालिकाका लागि सहयोगी सामग्री वितरण | पटक | | | | | | | | आवश्यकतानुसार |
| अपाङ्गता भएका बालबालिकालाई शिक्षण गर्ने शिक्षकका लागि विशेष शिक्षा सम्बन्धी क्षमता विकास तालिम | पटक | | | | | | | | आवश्यकतानुसार |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्थाः

स्वस्थ स्वास्थ्य तथा पोषणको राम्रो अभ्यासले बालबालिकामा सिकाइ सहभागीतामा वृद्धि गराई उपलब्ध सुधार गर्न प्रोत्साहित गर्दछ । त्यसका लागि विद्यालयले स्वच्छ खानेपानी, सफा शौचालय, हरियाली, सफा वातावरण, स्वच्छ सफा घरको व्यवस्था गर्ने पर्छ । बालबालिकालाई मानसिक, शारीरिक र बौद्धिक रुपमा तयार गरिसके पछि मात्र विद्यालय शिक्षण सिकाइमा प्रभावकारिता र सिकाइमा दिगोपना ल्याउन सकिन्छ । साथै विद्यालय कक्षा छाड्ने दर घटाउन र विद्यालयमा टिकाइ राख्न सकिन्छ । त्यसैले यस विषयलाई गम्भीर रुपमा लिएर विद्यालयमा दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रमहरु सञ्चालन गर्न अति आवश्यक छ । तसर्थ नेपालमा सन् १९७४ देखि विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम छानिएका जिल्लाका निर्धारित विद्यालयहरुमा सञ्चालनमा आई कर्णाली र सुदुरपश्चिमका आठ जिल्लामा थप गरिएको छ । सन् २००८ देखि केही छानिएका प्राथमिक विद्यालयमा सरकारले नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी २०७७/०७८ मा सम्पूर्ण सामुदायिक विद्यालयहरुमा पूर्व प्राथमिक कक्षादेखि कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्था गरेको छ । हाल यो कार्यक्रम आव २०८१/०८२ मा कक्षा आठसम्म विस्तार भएको छ ।

**दिवा खाजा**

नेपाल सरकारको सबैका लागि खाद्य सम्प्रभुताको हक, दिगो विकास, गरिबी उन्मूलन तथा भोक उन्मूलन र सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चितता सम्बन्धमा भएको नीति अनुसार यस पालिकाले सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम कार्यविधि २०७७ जारी गरी कार्यान्वयनमा ल्याएको छ । हाल मालिकार्जुन गाउँपालिकाका ३८ वटा सामुदायिक विद्यालयमा नेपाल सरकार र विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजा कार्यक्रम संचालनमा रहेको छ । जसबाट बाल विकास कक्षा देखि कक्षा ८ सम्मका २२७२ बालबालिका लाभान्वित भएका छन् ।

**स्वास्थ्य, सरसफाइ र स्वच्छता**

विद्यालयमा हुने सरसफाई तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने स्पष्ट छ । तत्कालीन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरिएको विद्यालयहरुमा खानेपानी तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरुमा हुनुपर्ने खानेपानी सरसफाइ तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी, बाल मैत्री, लिङ्ग मैत्री र अपाङ्गमैत्री शौचालय र धारा, वातावरणीय सरसफाई, हरियाली वातावरण, महिनावारी स्वच्छता व्यस्थापन, स्वच्छ तथा सफा खाजा घर र सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनाका लागि संस्थागत व्यवस्था गरेको छ । तसर्थ तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट खानेपानी तथा सरसफाइ कार्यक्रमहरु सञ्चाचालन गरिएका थिए । त्यसै गरी छात्रछात्राका लागि अलग अलग शौचालयको निर्माणका योजनाहरु विद्यालयहरुमा वितरण भए सकेका छन् ।

### ४.४.२ उद्देश्य

- विद्यालयमा कार्यान्वयनमा रहेको खाजा कार्यक्रमको कार्यान्वयन पक्षमा सुधार गर्नु,
- विद्यालयमा अध्ययनरत बालबालिकाहरुको स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धी सकारात्मक अवधारणा वृद्धि गर्नु,
- विद्यालयमा विद्यार्थी नियमितता वृद्धि गरी बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्नु,
- अभिभावक, स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुको समन्वय तथा सहभागिता सुदृढ गरी पोषण, स्वास्थ्य कार्यक्रममार्फत बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्नु,

### ४.४.३ रणनीतिहरु

- दिवा खाजाका लागि विद्यालयमा नै सफा, ताजा र पोसिलो खाजा तयार गर्नका लागि चाहिने भान्सा तथा भण्डार कक्ष एवम् भान्सेको व्यवस्था गर्ने,
- दिवा खाजा कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० लाई स्वास्थ्य तथा पोषण कार्यक्रम थप गरी आवश्यकता अनुसार संशोधन गर्ने,
- स्थानीय उपजमा आधारित दिवा खाजा कार्यक्रमलाइ थप प्रोत्साहित गर्ने,
- दिवा खाजा कार्यक्रमलाई आधारभूत तहका सम्पूर्ण बालबालिकाहरुका लागि विस्तार गरी अभिभावकहरुको सहकार्य र संलग्नतामा यस कार्यलाई कक्षा ८ सम्म विस्तार गर्ने,
- विद्यार्थी संख्याको आधारमा प्रयाप्त पानी, साबुन तथा लिङ्ग अनुसार अगल अलग शौचालय र छात्राहरुका लागि चेन्ज रुमको व्यवस्था गर्ने,
- विद्यालयमा प्राथमिक उपचार किट र किशोरीहरुको महिनावारीको स्वच्छताको लागि स्यानीटरी प्याड वितरणलाई नियमित तथा प्रभावकारी बनाउने,

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजाः

उपलब्धिः

विद्यालयमा अध्ययन गर्ने सम्पूर्ण बालबालिकाहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई स्वच्छ खानेपानी तथा सरसफाईमा सचेत भएको हुने ।

प्रमुख नतिजाः

- आधारभूत तहका सबै कक्षामा निःशुल्क दिवा खाजा कार्यक्रम कार्यान्वयन भएको हुने ।
- प्रत्येक विद्यालयमा विद्यार्थी संख्याको आधारमा सफा खानेपानी, छात्र छात्राका लागि शौचालय, चेन्ज रुम, हात धुने धारा तथा सरसफाइका सामग्रीको उपलब्धता भएको हुने ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचार किट र किशोरीहरुको लागि स्यानिटरी प्याड वितरण तथा व्यवस्था मिलाइएको हुने ।
- विद्यालयहरुमा स्थानीय उपजमा आधारित दिवा खाजा व्यवस्थापन भएको हुने ।
- प्रत्येक विद्यालयमा दिवा खाजाका लागि भान्से तथा भान्सा व्यवस्थापन भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका * (%) | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० |
| २. | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका * (%) | ९० | ९२ | ९३ | ९४ | ९५ | १०० |
| ३. | दिवा खाजा प्राप्त गर्ने कक्षा | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| ४. | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको संख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय संख्या | ३२ | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| ६ | नर्सिंग सेवा तथा सुविधा पुगेका विद्यालय संख्या | ० | १ | १ | १ | १ | ५ |

**मुख्य क्रियाकलाप तथा लक्ष्यः**

| मुख्य क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | १० वर्ष | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामाग्रीको प्रबन्ध | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| दिवा खाजाका लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी किसान समूहलाई तालिम तथा सहयोग | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | विद्यालय | १० | १० | ५ | ५ | ८ | ३८ | ३८ | |
| कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | विद्यार्थी | १५ | ५ | ५ | ५ | ८ | ३८ | ३८ | |
| आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी र सूक्ष्मपोषक तत्व प्रदायक ट्याबलेटहरु (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | विद्यालय | जुकाको औषधी ३८ फोलिक एसिड १६ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी मापदण्ड एवम् कार्यान्वयन ढाँचा विकास | पटक | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा, स्वास्थ्य, पोषण र | पटक | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | सबै विद्यालयमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन | | | | | | | | | |
| दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | सबै विद्यालयमा |
| आधारभूत तहको कक्षा ८ सम्म स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यार्थी | | | | | | | | सबै विद्यार्थीका लागि |
| तालिम, प्रचार–प्रसार, मेनु तयारी र आवधिक अन्य क्षमता अभिवृद्धि क्रियाकलाप | | १ | १ | १ | १ | १ | ५ | ५ | |
| दिवा खाजाका लागि चाहिने खाद्य सामग्री आपूर्ति गर्ने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | खाद्य सामग्री आपुर्ति गर्ने सहकारी लाई |
| विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित शौचालय व्यवस्थापन | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल व्यवस्थापन | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भई सकेका सामग्री व्यस्थापन | विद्यालय | १४ | | | | | | | आवश्यकता अनुसार |
| कक्षा ६ देखि १२ सम्मका किशोरीहरूलाई महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्थापन | विद्यार्थी | १५ | सबै | सबै | सबै | सबै | १५ | १५ | |
| सामुहिक हाल धुने बालमैत्री धारा | विद्यार्थी | २५ | ५ | ५ | ३ | | ३८ | ३८ | |
| विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान | विद्यालय | ३८ | | | | | ३८ | ३८ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| तथा प्रतिस्थापन | | | | | | | | | |
| सबै विद्यालयमा स्वास्थ्य, सरसफाइ तथा स्वच्छता, पोषण र किशोरीहरूका लागि महिनावारी स्वच्छता सम्बन्धी शिक्षा | विद्यालय | १५ | | | | | १५ | १५ | |
| विद्यार्थी संख्या बढी भएका विद्यालयमा भान्से व्यवस्थापन | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| दिवा खाजा व्यवस्थापनका लागि भान्सेलाई तालिम | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| विद्यालयको भान्सा कोठा व्यवस्थापन | विद्यालय | २५ | ५ | ५ | ३ | | ३८ | ३८ | थप आवश्यकता अनुसार |
| विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धि सामाजिक व्यवहार परिवर्तनका कक्षा संचालन | विद्यालय | ५ | १० | १० | ५ | ८ | ३८ | ३८ | |
| विद्यालय तथा वातावरण सरसफाइ प्रवर्द्धन | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| कार्यक्रम कार्यान्वयनका लागि बाल सहभागीता प्रर्बद्धन | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| स्वास्थ्य तथा पोषण सम्बन्धि सूची समावेश भएको विद्यालय हाजिरी पुस्तिका | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

युद्ध, द्वन्द्व महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत हिंसासँग सम्बन्धित व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रुपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारण बाल अधिकारको रुपमा स्वीकार

गरिएको छ । यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द्व व्यवस्थापन आदि कुराहरू समावेश गरिन्छ ।

नेपालको वर्तमान संविधानले बालबालिका माथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७ ले छात्रवृति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र, राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने, भेदभाव दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ । हाल कोभिड–१९ को विश्वव्यापी महामारीको अवस्थाबाट भएको शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रहरू हुँदै आएका छन् । जसमध्ये सिकाइ सहजीकरण निर्देशिका २०७७, विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७, विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्वस्तु समायोजन ढाँचा २०७७, SEE नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७ जारी भएको छ । यस मालिकार्जुन गाउँपालिकाले कोभिड–१९ तथा अन्य महामारीको अवस्थामा सिकाईलाई निरन्तरता दिन प्रतिकार्य योजना बनाउनु र लागु गर्नु आवश्यक देखिएको छ ।

### ४.५.२ उद्देश्य

- शिक्षा क्षेत्रको अल्पकालीन र दीर्घकालीन पुर्नस्थापना गर्नु,
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु,
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु,

### ४.५.३ रणनीतिहरु

- प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी गर्ने,
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने,
- कोभिड– १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने,
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने,
- संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने,
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
- विपद् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुर्नस्थापना गर्ने,
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
- विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने,
- हरित विद्यालय अभियान, जलवायु परिवर्तनशिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने,

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजाः

उपलब्धिः

आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने।

प्रमुख नतिजाः

- विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्उत्थान योजना तथा क्षमता विकास भएको हुनेछ ।
- भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील भएको हुनेछ ।
- विपद् तथा संकटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तर रुपमा सञ्चालन भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | बालबालिकालाई आधारभूत जीवन-सिप सहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनिकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय संख्या | ५ | ५ | ५ | ० | ० | ० |
| २. | हरित विद्यालय संख्या | ५ | ५ | ५ | ० | ० | ० |
| ३. | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय संख्या | ५ | ५ | ५ | ० | ० | ० |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| मुख्य क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | १०वर्ष | |
| विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | विद्यालय | ५ | ५ | १० | १० | ८ | ३८ | ३८ | |
| स्थानीय तह र विद्यालयको क्षमता विकास | विद्यालय | ५ | ५ | १० | १० | ८ | ३८ | ३८ | |
| विपद् पूर्वतयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशीलताका लागि सचेतना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम | | | | | | | | | |
| शिक्षक तथा विव्यस तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| विपद् प्रतिरोधि विद्यालय संख्या | विद्यालय | ५ | ५ | १० | १० | ८ | ३८ | ३८ | |
| उत्थानशिलताका लागि Whole School Approach का आधारमा सचेतना विकास कार्यक्रम | विद्यालय | ५ | ५ | १० | १० | ८ | ३८ | ३८ | |
| संकटकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि शिक्षक तथा विव्यस तालिम | विद्यालय | ५ | ५ | १० | १० | ८ | ३८ | ३८ | |
| स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा शिक्षा क्षेत्रको विपद प्रतिकार्य योजना निर्माण र अद्यावधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| स्थानीय तह र विद्यालयको विपद प्रतिकार्य सम्बन्धी क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | वटा | १ | १ | १ | १ | १ | ५ | १० | आवश्यकता अनुसार |
| एक विद्यालय एक उद्यान कार्यक्रम मार्फत हरित, सफा र सुरक्षित विद्यालय प्रवर्द्धन | विद्यालय | ५ | ५ | १० | १० | ८ | ३८ | ३८ | निरन्तर |
| शिक्षाका सबै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा संकटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| कोभिड १९ तथा अन्य प्रकोपको शैक्षिक क्षति न्यूनीकरणका लागि विभिन्न माधयमबाट सिकाइ निरन्तरता तथा पुनर्लाभ कार्यक्रम सञ्चालन (ReAL Plan अनुसार) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | आवश्यकता अनुसार |
| शैक्षिक क्षतिको तथ्याङ्क संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ReAL Plan अभिमूखीकरण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| अभिभावक सचेतना तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| एक माध्यमिक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| विपद् प्रतिरोधी विद्यालय संरचना निर्माण | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | निरन्तर |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्थाः

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्गमिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रतिविद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली, २०५९ को नियममा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयका रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

मालिकार्जुन गाउँपालिकाको वर्तमान अवस्था मूल्याङ्कन गर्दा अझै पनि झण्डै ५० प्रतिशत विद्यालयमा नियमित शैक्षिक क्रियाकलाप सञ्चालनका लागि कक्षाकोठाको अभाव रहेको देखिन्छ । करिब ३० प्रतिशत विद्यालयमा शिक्षक तथा विद्यार्थीका लागि प्रयाप्त फर्निचरको उपलब्धता छैन । बालमैत्री धारा, छात्र/छात्राका लागि अलग्गै शौचालय, अपाङ्गमैत्री विद्यालय पूर्वाधार, तथा विद्यालय खेल मैदान र घेर पर्खालको अभाव छ । विद्यालयमा भौतिक पूर्वाधार अभाव कै कारण विद्यार्थीको भर्ना तथा टिकाउ दर कम रहेको पाइन्छ ।

### ४.६.२ उद्देश्य

- सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,
- विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड सहितको गुरुयोजनाको विकास र कार्यान्वयन गर्नु,
- गुणस्तरीय पूर्वाधार विकास एवम विस्तारका लागि पारदर्शी एवं जवाफदेही प्रणालीको विकास गर्नु,

### ४.६.३ रणनीतिहरु

- विद्यालयको तह, विद्यार्थी सङ्ख्या र लागतका आधारमा विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकासको मापदण्ड र गुरुयोजना निर्माण गरिने छ ।
- पालिकामा सञ्चालन भएका विद्यालयहरुमा पूर्वाधार विकासका लागि संघ र प्रदेश सरकार, विकास साझेदार एवम पालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरिने छ ।
- एक माध्यमिक विद्यालय एक पुस्तकालय, एक विज्ञान प्रयोगशाला र सूचना प्रविधि प्रयोगशाला तथा एक आधारभूत विद्यालय एक पढाइ कुना निर्माण गरिने कार्यलाई प्राथमिकता दिईनेछ ।
- विद्यालय पूर्वाधार विकासका लागि संघ र प्रदेश सरकार तथा विकास साझेदार तथा विभिन्न संघ संस्था एवं निकायहरूसँग लागत साझेदारी गरिने छ ।
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माण गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा कार्यान्वयन गरिने छ ।
- विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई विचार गरेर), भान्सा वा खाजा घरलगायत सबैको योजना

समावेश गरी डिजायन गरिनेछ भने निर्माण भईसकेका विद्यालयहरूमा थप संरचनाको योजना एकै पटक गरिने छ ।

- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।

**४.६.४ प्रमुख उपलब्धि तथा नतिजाः**

उपलब्धिः

सबै विद्यालयमा पर्याप्त रुपमा बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भौतिक संरचना निर्माण हुने।

प्रमुख नतिजाः

- सबै विद्यालयहरुमा सुविधासम्पन्न बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भौतिक पूर्वाधार विकास भएको हुनेछ ।
- विद्यालयहरुमा बनेका संरचनाहरुको संरक्षण, संवर्द्धन एवम् नियमित मर्मत सम्भार र सबलीकरण पद्धतिको विकास भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| **क्र.स.** | **शिक्षामा समता र समावेशीकरण** | **आधारवर्ष (२०८१-८२)** | **२०८१-८२** | **२०८२-८३** | **२०८३-८४** | **२०८४-८५** | **२०८६-८६** |
|---|---|---|---|---|---|---|---|
| १. | भुकम्प प्रतिरोधी विद्यालय | १ | १ | १ | १ | १ | १ |
| २. | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा संख्या | १० | १० | १० | १० | १० | १० |
| ३. | सबलीकरण गर्नुपर्ने कक्षाकोठा संख्या | १० | १० | १० | १० | १० | १० |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय संख्या | १० | १० | १० | १० | १० | १० |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |

### ४.६.५ मुख्य क्रियाकलाप हरुः

| मुख्य क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | १०वर्ष | |
| विद्यालय भवन निर्माण | विद्यालय | १ | १ | २ | १ | १ | ५ | १० | |
| विद्यालय भौतिक संरचना सबलीकरण | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |
| विद्यालयमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | | आवश्यकता अनुसार | | | | | | | |
| छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| प्रारम्भिक बालबिकासका लागि पानी तथा सरसफाईका साथै अलग्गै शौचालय | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |
| अपाङ्गता मैत्री संरचना निर्माण | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रुजु सुची भर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| विद्यालय भवन निर्माण (४ कोठे) | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| विद्यालय भवन मर्मत सम्भार तथा सबलीकरण | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| फर्निचर व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| छात्रा र छात्रका लागि अलग्गै शौचालय व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| बालमैत्री धारा निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| अपाङ्गतामैत्री संरचना निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| दिवा खाजाका लागि भान्सा निर्माण तथा व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| विद्यालय घेर पर्खाल निर्माण (हरित घेर पर्खाल सहित) | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| खेलमैदान निर्माण तथा व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| एक विद्यालय एक उद्यान निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| पुस्तकालय, विज्ञान प्रयोगशाला निर्माण तथा मर्मत | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial / GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ । नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३—२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठयक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्नका लागि प्लेटफर्म बनाउने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज्ड गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए । सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर (SAS) कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने जस्ता कार्यक्रमहरू समेत विद्यालय क्षेत्र विकास योजनामा समावेस गरिएको छ ।

मालिकार्जुन गाउँपालिकामा सञ्चालनमा रहेका सबै माध्यमिक विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको सुविधा रहेको छ । विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीति अनुरूप हाल सम्म यस गाउँपालिकाका आधाजति विद्यालयमा कम्प्युटर तथा इन्टरनेट स्थापना भईसकेको अवस्था छ । माध्यमिक तह सञ्चालन भएका र केही आधारभूत तहका संस्थागत विद्यालयहरूमा समेत कम्प्युटर तथा इन्टरनेटको सुविधामा विद्यार्थीको पहुँच पुगेको देखिन्छ ।

### ४.७.२ उद्देश्य

- डिजिटल सामग्री वृद्धि गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु,
- शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटोछरितो र सस्तो बनाउनु,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु,
- विपद तथा सङकटको समयमा समेत विद्यालयका शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिनका लागि प्रविधिसँग सम्बन्धित संरचना र स्रोत व्यवस्थापन गर्नु,

### ४.७.३ रणनीतिहरु

- विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरूको विकास गरिनेछ ।
- विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरुका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गरिनेछ ।
- विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधा विस्तार मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गरिनेछ ।
- संघ र सुदुरपश्चिम प्रदेशसँग समन्वय गरी गाउँपालिका र इन्टरनेट प्रदायक संस्थाहरू बीच समन्वय र सहकार्य वृद्धि गरिनेछ ।
- गाउँपालिकामा सुविधा सम्पन्न डिजिटल सिकाइ केन्द्रको स्थापना गरिनेछ ।
- सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरूको आधारभूत सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित आधारभूत सिपमा क्षमता विकास गरिनेछ ।
- विद्यालय सुपरीवेक्षण, बैठक, गोष्ठी, कार्यशाला, तालिम, शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक प्रयोग गरिनेछ ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजाः

उपलब्धिः

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन हुनेछ ।

**प्रमुख नतिजाः**

- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच पुगेको हुनेछ ।
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुनेछ ।
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुनेछ ।
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार भएको हुनेछ ।
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ भएको हुनेछ ।
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भएको हुनेछ ।
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | इन्टरनेट जडान भएका विद्यालयको संख्या | १४ | ५ | ५ | ५ | ५ | ५ |
| २. | शिक्षण सिकाइ क्रियाकलाप मा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | १५ | ५ | ५ | ५ | ५ | ५ |
| ३. | मुख्य विषयमा डिजिटल पाठ्यसामाग्री प्रयोग गर्ने विद्यालय संख्या | १० | ५ | ५ | ५ | ५ | ५ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | १० | ५ | ५ | ५ | ५ | ५ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय संख्या | २० | ५ | ५ | ८ | ३८ | ३८ |

**मुख्य क्रियाकलाप तथा लक्ष्यः**

| मुख्य क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | १० वर्ष | |
| विद्यालयमा ICT संरचना विस्तार गरी इलाइब्रेरी स्थापना | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |
| प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३८ | |
| प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामाग्रीको उपलब्धता | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३८ | |
| शिक्षकहरुको ICT को प्रयोग सम्बन्धी क्षमता विकास | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | ३८ | |
| IEMIS व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयमा ई-हाजिरी व्यवस्थापन | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | २० | |
| सबै विद्यालयका फोकल शिक्षकका लागि IEMIS व्यवस्थापन तालिम | जना | ३८ | | | | | ३८ | ३८ | |
| डिजिटल शैक्षिक सामग्री वितरण | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | २० | |
| प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन | कक्षाकोठा | ३ | २ | २ | २ | २ | ११ | २० | |
| विद्यालय सुशासन र व्यवस्थापनमा ICT को प्रयोग | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |

# परिच्छेद ५ सुशासन तथा व्यवस्थापन

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ वर्तमान अवस्था

राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षासम्बन्धी मापदण्ड र स्तर निर्धारण, संघीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भै शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू सरोकारवालाहरुबाट आइरहेका छन् ।

सरकारका विभिन्न तहहरू बीच सहजीकरण र समन्वयनका पक्षमा सुधार गर्नु पर्ने आवश्यकता महसुस भएको छ भने नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नु पर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लय र गतिमा तर आ-आफ्ना भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नु पर्ने देखिन्छ ।

### ५.१.२ उद्देश्य

- विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थीको उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघीय तहमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्ने,
- कार्यसम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेही र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्ने,
- विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने,

### ५.१.३ रणनीतिहरु

- संघ, प्रदेश र स्थानीय तहको अधिकार तथा दायित्त्व लगायतका पक्षहरूमा स्पष्टता कायम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ ।
- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिनेछ ।
- स्थानीय स्तरमा स्रोत केन्द्र स्थापना गरी शिक्षक तालिम व्यवस्थित तथा सुदृढ गरिनेछ ।
- स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ ।
- अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइको व्यवस्थापनका लागि संघ, प्रदेश, स्थानीय तह तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ ।
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता सुधार गरिने छ ।
- प्रत्यक ५/५ वर्षमा विद्यालयका प्रधानाध्यापकहरुलाई आवश्यकता र औचित्यका आधारमा स्थानान्त्रण गरिने वातावरण सिर्जना गरिने छ ।
- स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ ।

### ५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

उपलब्धिः

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने ।

प्रमुख नतिजाः

- तीनै तहका सरकार तथा विद्यालयलगायत शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने ।
- शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमता सुधार हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक संख्या | २ | २ | २ | २ | २ | २ |
| २. | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक संख्या | २ | २ | २ | २ | २ | २ |
| ३. | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय संख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय संख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय संख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ |

### ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| मुख्य क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | १० वर्ष | |
| आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | | २ | २ | २ | २ | २ | १० | २० | |
| सस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | आवश्यकता अनुसार | | | | | | | |
| प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | | निरन्तर | | | | | | | |
| कार्यसम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | | निरन्तर | | | | | | | |
| विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने गराउने | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ३८ | |
| प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | | २ | २ | २ | २ | २ | १० | २० | शिक्षा शाखाले |
| विव्यस तथा शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास | | १० | १० | १० | १० | १० | ५० | १०० | विद्यालय र शिक्षा शाखाले |
| प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको क्षमता विकास | | १० | १० | १० | १० | १० | ५० | १०० | |
| पालिकाको शिक्षा शाखामा कार्यरत जनशक्तिको क्षमता विकास | | २ | २ | २ | २ | २ | | | |
| सबै विद्यालयमा गुनासो सुनुवाइ संयन्त्र विकास | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ३८ | |
| विद्यालयहरुमा सूचना अधिकारीको व्यवस्था | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ३८ | |
| विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | | निरन्तर |
| योग्यता, क्षमता र वरिष्ठताका आधारमा खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक व्यवस्थापन गर्ने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यालय सञ्चालन तथा व्यवस्थापन विनियम निर्माण परिमार्जन गर्ने | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | निरन्तर |
| अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि संयन्त्र विकास | पटक | १ | - | - | - | - | १ | १ | निरन्तर |
| आपतकालीन अवस्थामा सिकाइ सहजीकरणका लागि संयन्त्र विकास | पटक | १ | - | - | - | - | १ | १ | निरन्तर |
| गाउँ शिक्षा योजनाको निर्माण तथा प्रबोधीकरण | पटक | १ | - | - | - | - | १ | १ | निरन्तर |
| विद्यालय सामाजिक परीक्षण तथा लेखा परीक्षण प्रतिवेदन सार्वजनिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | निरन्तर |
| विद्यालय वार्षिकोत्सव तथा अभिभावक दिवस | पटक | १ | १ | १ | १ | १ | ५ | १० | निरन्तर |
| विद्यालयमा नागरिक वडापत्र व्यवस्थापन गर्ने | विद्यालय | ५२ | - | - | - | - | ५२ | ५२ | निरन्तर |
| शैक्षिक कार्यपात्रो निर्माण तथा कार्यान्वयन | पटक | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | निरन्तर |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति प्रकृया र जिम्मेवारी तथा उत्तरदायित्वहरु पर्दछन् । शिक्षा क्षेत्रका कार्यक्रम कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तर्जुमा, आवश्यक नीतिगत मापदण्ड परिमार्जन तथा विकास कार्यक्रम कार्यान्वयन तथा अनुगमन मूल्याङ्कनका लागि सरोकारवाला सबैको जिम्मेवारी तथा स्पष्टता आवश्यक छ । स्थानीय सरकारबाट निर्माण गरिने योजनाको कार्यान्वयनको मुख्य थलो वा एकाइ विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रबन्धका साथसाथै स्थानीय तहले विद्यालयका क्रियाकलापहरुको नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग र समन्वय गर्नु पर्दछ । स्थानीय तहहरुले संघीय तथा प्रदेश सरकारबाट सशर्त अनुदानका अतिरिक्त अन्य

अनुदान र उनीहरुको आफ्नै स्रोतबाट व्यवस्था गरिएको बजेट समेटेर वार्षिक बजेट तथा कार्यक्रम निर्धारण गर्नुपर्दछ ।

### ५.२.१ वर्तमान अवस्था

नेपालको संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भई केही कानूनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण भए तापनि राज्य प्रणालीलाई संघीय संरचना अनुरुप रुपान्तरण गर्न थप कार्य गर्नुपर्ने देखिन्छ । शिक्षा योजना कार्यान्वयनका सम्बन्धमा संघमा रहेको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र मातहतका निकायले विभिन्न मन्त्रालय तथा विकास साझेदारहरुसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरुको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी निर्वाह गर्दछ ।

प्रदेश तहमा सामाजिक विकास मन्त्रालयका मातहतमा शिक्षा विकास निर्देशनालय, तालिम केन्द्र तथा डिभिजनल कार्यालयहरु खोलिएका छन् । स्थानीय तहमा शिक्षा शाखा रहेका छन् । प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै एक जना शिक्षकलाई विद्यालयको प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिईएको छ ।

### ५.२.२ उद्देश्य

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चतता गर्नु,

### ५.२.३ रणनीतिः

- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चतता साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- एकिकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालयमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्यनमा सहजीकरण गर्ने ।
- वित्तीय व्यवस्थापन खरिद प्रक्रिया शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
- अभिभावक तथा सरोकारवालासँग अर्न्तक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाई केन्द मार्फत सबै उमेर समूहका सिकारुका लागि साक्षरता साक्षरोत्तर निरन्तर शिक्षा वैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाई केन्द्रका रुपमा समेत कार्य गर्ने ।

### ५.२.४ प्रमुख उपलब्धि तथा नतिजाः

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चतता भएको हुनेछ ।

### ५.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चतता साथै समस्या सामाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालयमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्यनमा सहजीकरण गर्ने
- विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लाउने ।
- विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मवारी प्रदान गरी उत्तरदायी बनाउने ।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिचतता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
- अभिभावक तथा सरोकारवालासँग अर्न्तक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाई केन्द मार्फत सबै उमेर समूहका सिकारुका लागि साक्षरता साक्षरोत्तर निरन्तर शिक्षा वैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाई केन्द्रका रुपमा समेत कार्य गर्ने ।

## ५.३ योजना कार्यान्वयनको सयन्त्र

स्थानीय शिक्षाको यो योजनाको समग्र कार्यान्वयनका लागि विभिन्न तहमा निम्न लिखित प्रबन्ध गरिनेछ ।

**स्थानीय तह**

- स्थानीय तहले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नेछन् ।
- स्थानीय तहको शिक्षा शाखाको क्षमता विकास गरी सुदृढ गरिनेछ ।
- स्थानीय तहले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन र समन्वय गर्नेछ ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार स्थानीय तहले कानून तथा मापदण्ड तथा निर्देशिका विकास गर्नेछ ।
- स्थानीय शिक्षा योजनाको सरोकारवालाहरु बीच कार्यक्रम तथा नीति नियम र कार्यविधिको प्रबोधीकरण कार्य गरिनेछ ।
- वार्षिक कार्यक्रम, योजना तथा बजेट, अनुगमन तथा मूल्याङ्कन योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- अन्तर सम्बन्धित निकायसँग समन्वय गरी लगानीका अवसर अभिवृद्धि गरिनेछ ।

**विद्यालय**

- विद्यालयले विद्यालय सुधार योजना तयार गरी वार्षिक रुपमा अद्यावधिक गर्नेछन् ।
- विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानी समेत समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्नेछन् ।
- कार्यक्रम कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाईनेछ ।
- विद्यालयहरुले अभिभावक तथा सरोकारवालाहरुसँग अन्तरकृया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरु आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने छन् ।

**सामुदायिक सिकाइ केन्द्र**

- सामुदायिक सिकाइ केन्द्रको सञ्चालनका लागि व्यवस्थापन समिति गठन गरिनेछ ।
- स्थानीय तहबाट प्राप्त अनुदान तथा आफ्नै स्रोतबाट प्राप्त आम्दानी समेतका आधारमा स्थानीय तहको समन्वयमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने छ ।
- सामुदायिक सिकाइ केन्द्रले विभिन्न विषयगत स्थानीय तहका एकाइहरु, सामुदायिक तथा गैरसरकारी संस्थाहरु तथा समुदायसँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

# परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन

लगानी र स्रोत व्यवस्थापनका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधान अनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि संघीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ भने स्थानीय तहको आफ्नै स्रोतबाट समेत शिक्षामा लगानी हुने गरेको छ । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित संघीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनका लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेशले संघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने बजेटबाट पनि शिक्षाक्षेत्रमा विनियोजन गर्ने गर्दछन् ।

## ७.१ वर्तमान अवस्था

वर्तमानमा तीनै तहका सरकारबाट शिक्षामा लगानी रहेको पाइन्छ । शिक्षा क्षेत्रको लगानीको ठूलो हिस्सा संघीय सरकारले सशर्त अनुदान मार्फत व्यहोरी रहेको छ भने प्रदेश सरकार र स्थानीय सरकारले समेत आ-आफ्नो क्षेत्राधिकार भित्र रही शिक्षामा लगानी गरी रहेका छन् । यस मालिकार्जुन गाउँपालिकाको सम्पूर्ण बजेटको झण्डै ३५ प्रतिशत बजेट (संघीय सशर्त अनुदान सहित) शिक्षा क्षेत्रमा

विनियोजन भएको देखिन्छ भने मालिकार्जुन गाउँपालिकाले समानीकरण अनुदान तथा आन्तरिक आयको १० प्रतिशत जति शिक्षामा लगानी भईरहेको तथ्याङ्कले देखाउँछ । सरकारी निकाय बाहेक साझेदार निकायहरुबाट समेत शिक्षा क्षेत्रमा नियमित लगानी भईरहेको छ ।

## ७.२ उद्देश्य

- योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
- उपलब्ध स्रोतका आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु,

## ७.३ रणनीतिहरु

- विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारिता बढाइने,
- संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने,
- शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने,
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाईने,
- लागत साझेदारीमा आधारित कार्यक्रमहरू सञ्चालन गर्ने,

## ७.४ प्रमुख उपलब्धिः

उपलब्धिहरुः

- शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने ।

प्रमुख नतिजाः

- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भई वित्तीय सुशासन कायम भएको हुनेछ ।

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्यः

क. संघीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट रु. हजारमा

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ५०० | ५५० | ६०० | ६५० | ७०० | ३००० | ६००० |
| २ | आधारभूत शिक्षा | १४०० | १४५० | १५०० | १५५० | १६०० | ७५०० | १५००० |
| ३ | माध्यमिक शिक्षा | १३०० | १३५० | १४०० | १४५० | १५०० | ७००० | १४००० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | २६०० | २६५० | २७०० | २७५० | २८०० | १३५०० | २७००० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ५०० | ५०० | ५५० | ५५० | ६०० | २७०० | ५४०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्याङ्कन | २५४४ | २६०० | २६५० | २७०० | २७५० | १३२४४ | २६४८८ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १०२१ | १०५० | ११०० | १२०० | १२५० | ५६२१ | ११२४२ |
| ८ | शैक्षिक समता र समावेशीकरण | १३२४ | १३५० | १४०० | १४५० | १५०० | ७०२४ | १४०४८ |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १३५७ | १४०० | १४५० | १५०० | १५०० | ७२०७ | १४४१४ |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनीकरण र उत्थानशिलता | ४०० | ४०० | ४५० | ५०० | ५५० | २३०० | ४६०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ० | १०० | २०० | ३०० | ५०० | ११०० | २२०० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १७०० | १७०० | १७५० | १८०० | १८५० | ८८०० | १७६०० |
| १३ | सुशासन तथा व्यवस्थापन | १७०० | १८०० | १९०० | २००० | २००० | ९४०० | १८८०० |

ख. प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट रु. हजारमा

| **क्र.सं.** | **अनुदान प्राप्त हुने उपक्षेत्र/विषय** | **आर्थिक वर्ष** | | | | | **५ वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **२०८६/८७** | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | ० | १०० | १५० | २०० | ३०० | ७५० | १५०० |
| २ | आधारभूत शिक्षा | ० | १०० | २०० | २५० | ३०० | ८५० | १७०० |
| ३ | माध्यमिक शिक्षा | ० | १०० | २०० | २५० | ३०० | ८५० | १७०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | ० | १०० | १५० | २०० | ३०० | ७५० | १५०० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ० | २०० | २५० | ३०० | ३५० | ११०० | २२०० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्याङ्कन | ० | १०० | १५० | २०० | ३०० | ७५० | १५०० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | १०० | २०० | २५० | ३०० | ८५० | १७०० |
| ८ | शैक्षिक समता र समावेशीकरण | ० | १०० | १५० | २०० | ३०० | ७५० | १५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | १५० | २०० | ३०० | ४०० | १०५० | २१०० |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनीकरण र उत्थानशिलता | ० | १०० | २०० | ३०० | ४०० | १००० | २००० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ० | ५०० | ६०० | ७०० | ८०० | २६०० | ५२०० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ० | १०० | १५० | २०० | २५० | ७०० | १४०० |
| १३ | सुशासन तथा व्यवस्थापन | ० | १५० | ३०० | ३५० | ४०० | १२०० | २४०० |

ग. स्थानीय तहबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट रु. हजारमा

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | ६४१० | ६४५० | ६५०० | ६५५० | ६६०० | ३२५१० | ६५०२० |
| २ | आधारभूत शिक्षा | ३५०० | ३५५० | ३६०० | ३६५० | ३७०० | १८००० | ३६००० |
| ३ | माध्यमिक शिक्षा | ३५०० | ३५०० | ३६०० | ३६५० | ३७०० | १७९५० | ३५९०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | ५००० | ५०५० | ५१०० | ५२०० | ५२५० | २५६०० | ५१२०० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | २४० | ३०० | ३५० | ४०० | ४५० | १७४० | ३४८० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्याङ्कन | १००० | १०५० | ११०० | ११५० | १२०० | ५५०० | ११००० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | १०० | २०० | ३०० | ४०० | १००० | २००० |
| ८ | शैक्षिक समता र समावेशीकरण | ० | १०० | २०० | ३०० | ४०० | १००० | २००० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १००० | १०५० | ११०० | ११५० | १२०० | ५५०० | ११००० |
| १० | विद्यालय सुरक्षा | ० | १०० | २०० | ३०० | ४०० | १००० | २००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विपद् न्यूनीकरण र उत्थानशिलता | | | | | | | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ० | १०० | २०० | ३०० | ४०० | १००० | २००० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ० | १०० | १५० | २०० | २५० | ७०० | १४०० |
| १३ | सुशासन तथा व्यवस्थापन | २०० | २५० | ३०० | ३५० | ४०० | १५०० | ३००० |

घ. अन्य संघ संस्थाबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट रु. हजारमा

| **क्र. सं.** | **अनुदान प्राप्त हुने उपक्षेत्र/विषय** | **आर्थिक वर्ष** | | | | | **५ वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **२०८६/८७** | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | २५० | २५० | ३०० | ३५० | ४०० | १५५० | ३१०० |
| २ | आधारभूत शिक्षा | ५०० | ५५० | ६०० | ६५० | ७०० | ३००० | ६००० |
| ३ | माध्यमिक शिक्षा | | | | | | ० | ० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | | | | | | ० | ० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | | | | | | ० | ० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्याङ्कन | | | | | | ० | ० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ५०० | ५५० | ६०० | ६५० | ७०० | ३००० | ६००० |
| ८ | शैक्षिक समता र समावेशीकरण | २०० | | | | | २०० | ४०० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १०१५ | १०५० | ११०० | ११५० | १२०० | ५५१५ | ११०३० |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनीकरण र उत्थानशिलता | २०० | २५० | ३०० | ३५० | ४०० | १५०० | ३००० |
| ११ | विद्यालय भौतिक | ११०० | ८५० | ९०० | ९०५० | १००० | १२९०० | २५८०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पूर्वाधार विकास | | | | | | | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १०० | १२० | १४० | १६० | १८० | ७०० | १४०० |
| १३ | सुशासन तथा व्यवस्थापन | ५०० | ५५० | ६०० | ६५० | ७०० | ३००० | ६००० |

योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रियाःरु हजारमा

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | ७१६० | ७३५० | ७५५० | ७७५० | ८००० | ३७८१० | ७५६२० |
| २ | आधारभूत शिक्षा | ५४०० | ५६५० | ५९०० | ६१०० | ६३०० | २९३५० | ५८७०० |
| ३ | माध्यमिक शिक्षा | ४८०० | ४९५० | ५२०० | ५३५० | ५५०० | २५८०० | ५१६०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | ७६०० | ७८०० | ७९५० | ८१५० | ८३५० | ३९८५० | ७९७०० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ७४० | १००० | ११५० | १२५० | १४०० | ५५४० | ११०८० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्याङ्कन | ३५४४ | ३७५० | ३९०० | ४०५० | ४२५० | १९४९४ | ३८९८८ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १५२१ | १८०० | २१०० | २४०० | २६५० | १०४७१ | २०९४२ |
| ८ | शैक्षिक समता र समावेशीकरण | १५२४ | १५५० | १७५० | १९५० | २२०० | ८९७४ | १७९४८ |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ३३७२ | ३६५० | ३८५० | ४१०० | ४३०० | १९२७२ | ३८५४४ |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनीकरण र उत्थानशिलता | ६०० | ८५० | ११५० | १४५० | १७५० | ५८०० | ११६०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ११०० | १५५० | १९०० | १०३५० | २७०० | १७६०० | ३५२०० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १८०० | २०२० | २१९० | २३६० | २५३० | १०९०० | २१८०० |
| १३ | सुशासन तथा व्यवस्थापन | २४०० | २७५० | ३१०० | ३३५० | ३५०० | १५१०० | ३०२०० |

# परिच्छेद ७ अनुगमन तथा मूल्याङ्कन

## ७. परिचय

आ.व. २०३२/०३३ देखि विकास आयोजनाहरूको कार्यान्वयनको मूल्याङ्कन गर्ने व्यवस्थाको सुरुवात भयो । आठौं योजना २०४९/०५४ देखि अनुगमन तथा मूल्याङ्कनको एउटा पद्धतिको रूपमा मजबुत गर्ने कार्य गरियो । यस योजनामा विगतका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा देखिएका कमी कमजोरीहरूमा सुधार गरी संस्थागत व्यवस्था, उच्च राजनैतिक तहको प्रतिबद्धता र उपलब्धि मूल्याङ्कनको व्यवस्थासहितको बलियो अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गरियो । अनुगमन भन्नाले कुनैपनि कार्यक्रम कार्यान्वयनका लागि विशेषतः शैक्षिक योजना तथा कार्यक्रमहरू के कति रूपमा भए ? त्यसको लक्षित प्रतिफल योजना अनुरुप ठीकसँग भईरहेका छन् वा छैनन्? भनी कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तहको व्यवस्थापनद्वारा निरन्तर र अद्यावधिक गरी निगरानी राख्ने कार्य हो ।

## ७.१ वर्तमान अवस्था

सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन, लेखाजोखा तथा मूल्याङ्कन गरिनेछ । संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय गर्नेछन् भने प्रदेशमा प्रदेश सामाजिक विकास मन्त्रालय, जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ र सामाजिक विकास कार्यालयले आवश्यक समन्वय तथा सहजीकरण गर्नेछन् । मालिकार्जुन गाउँपालिकाको शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराई सो कार्यान्वय भएनभएको सम्बन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमनबाट आएको पृष्ठपोषणको आधारमा थप काम गरिनेछ ।

## ७.२ उद्देश्य

- विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गरी कार्यन्वयन गर्नु,
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु,
- लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु,

## ७.३ रणनीतिहरु

- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गरिनेछ ।
- शिक्षामा सार्वजनिक लगानी वृद्धि गर्नुको साथै स्थानीय सरकारबाट आवश्यकतामा आधारित विशेष बजेटको व्यवस्था गरिने छ ।
- सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्ने व्यवस्था गरिने छ ।

- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिने छ ।
- मापदण्डका आधारमा खर्च, निष्पक्ष अनुगमन एवं यथार्थ प्रतिवेदन पद्धति अवलम्बन गरिने छ ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाईने छ ।

## ७.४ उपलब्धि, मुख्य नतिजाहरु, मुख्य क्रियाकलाप तथा लक्ष्य

उपलब्धिः

- शैक्षिक अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामा आधारित बनाईने,
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरुलाई समय मै पहिचान गरी अपेक्षित उपलब्धि प्राप्त हुने,

प्रमुख नतिजाः

- अनुगमनका आधारमा नतिजामा सुधार भएको हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कनमा संस्थागत संरचना तथा क्षमताको विकास भएको हुनेछ ।
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित बनाई नतिजाको आधारमा सुधार गर्ने परिपाटीको विकास भएको हुनेछ ।
- विभिन्न कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन गरिएको हुनेछ ।

**मुख्य क्रियाकलाप तथा लक्ष्य**

| मुख्य क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | १० | |
| अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| अनुगमन तथा मूल्याङ्कनका सुचक तयार गर्ने र अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| योजनाहरुको मासिक,चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन पेश गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| योजना तथा कार्यक्रमहरुको आवधिक मूल्याङ्कन तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| शिक्षा योजना कार्यान्वयनको समग्र मूल्याङ्कन गरी अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| विद्यालयहरुले गर्ने सामाजिक परीक्षण र लेखा परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन संयन्त्र स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| स्रोतकेन्द्र मार्फत अनुगमन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

# अनुसूचीहरुः

अनुसूची १

**शिक्षा योजना कार्यान्वयनका लागि सम्भावित साझेदार निकायहरु**

नेपाल सरकार

सुदुरपश्चिम प्रदेश सरकार

गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरु

सामुदायिक ग्रामीण विकास समाज

एकीकृत विकास समाज नेपाल

विश्व खाद्य कार्यक्रम

विश्व शिक्षा नेपाल

गुड नेवर्स इन्टरनेशनल

मर्सिकर्प्स/सप्रोस नेपाल

सिटिईभिटी

अन्य सरकारी गैरसरकारी संघसंस्था

सामुदायिक विकास केन्द्र डोटी

युनिसेफ

ब्रिटिस काउन्सिल

एजुकेशन पेज